# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सभ्यताको विकासक्रम र समयको गति सँग-सँगै शिक्षा लिने र दिने प्रक्रियामा चरणवद्ध रूपले सुधार भएको पाइन्छ । नेपालमा शिक्षाको विकासक्रमलाई हेर्दा प्राचीनकालिन शिक्षाप्रणाली, मध्यकालिन शिक्षाप्रणाली र आधुनिक शिक्षाप्रणाली गरी तीन चरणमा राख्न सकिन्छ । वि.सं. १९०३ भन्दा अगाडिको शिक्षाको विकासक्रमलाई प्राचीनकालिन शिक्षा प्रणाली भनिन्छ । प्राचीनकालिन शिक्षा प्रणाली धर्ममा आधारित थियो । यस अन्तर्गत संस्कृत शिक्षा, बौद्ध शिक्षा, लिच्छवीकालिन शिक्षा, मल्लकालिन शिक्षा, वाइसे-चौविसे कालिन शिक्षा र राणाकाल पूर्वको शिक्षालाई लिन सकिन्छ । प्राचिनकालिन समयको शिक्षा दिने प्रक्रियामा शिक्षक गुरु तथा भिक्षुको रूपमा रहेको देखिन्छ (अधिकारी, सन् २०११) ।

वि.सं. १९०३ देखि २००७ सालसम्मको शिक्षाको विकास क्रमलाई राणाकालिन शिक्षा भनिन्छ, भने राणाकालिन शिक्षाको विकासलाई मध्यकालिन शिक्षाका रूपमा लिने गरेको पाइन्छ । यस समयमा संख्यात्मक रूपले विद्यालय स्थापना भए तापनि राणाका सन्तानहरूलाई मात्र शिक्षा-दिक्षा दिने र सर्वसाधारणलाई .हात्तीको देखाउने दाँत जस्तै गरी विद्यालयहरू खोलिएको थियो । तसर्थ यस समयलाई शिक्षाको अध्यारो युग भनेर पनि चिनिने गरिन्छ (पौडेल र अधिकारी, सन् २०११) ।

वि.सं. २००७ साल पछिको शिक्षाको विकासक्रमलाई आधुनिक शिक्षा प्रणाली भनिन्छ । प्रजातन्त्रको उदय पश्चात योजनाबद्ध रूपमा शिक्षाको विकास गर्न र शिक्षामा सुधार ल्याउने अभिप्रायले क्रमिक रूपमा विभिन्न समिति, आयोग तथा प्रतिवेदन क्रमशः गठन, स्थापित र पारित भए । वि.सं. २०११ मा ने.रा.शि.यो.आ. स्थापित भयो । उक्त आयोगले शिक्षाको राष्ट्रिय उद्देश्य, सबै तहको तहगत उद्देश्य, पाठ्यक्रम, शिक्षण विधि, शिक्षक तालिम, परीक्षा तथा विद्यालय सञ्चालन सम्बन्धी विषयहरूमा सुझाव पेश गरेको थियो, जसअनुसार शिक्षाको विकासलाई व्यवस्थित गर्ने प्रयास गरेको थियो । वि.सं. २०१७ मा देशको व्यवस्था अनुकुलको शिक्षा प्रणाली लागु गर्ने उद्देश्यले वि.सं. २०१८ मा स.रा.शि.स. गठन भयो । यसले देशभर एकै प्रकारको शिक्षा पद्धती लागु गर्ने शिक्षाको माध्यम एउटै गर्ने, प्राथमिक शिक्षा निःशूल्क एवं अनिवार्य गरिनुपर्ने, व्यावसायिक एवं प्राविधिक शिक्षालाई ध्यान दिइनुपर्ने जस्ता कुरामा सुझाव पेश गरेको थियो । वि.सं. २०२८ मा रा.शि.प.यो गठन भयो । उक्त आयोगले राष्ट्रिय शिक्षा प्रणालीको स्थापना, व्यावसायिक शिक्षा र दक्ष जनशक्तिमा जोड, शैक्षिक अवसर र सुविधाहरूको

सन्तुलित वितरण, शिक्षा प्रशासन र निरीक्षण प्रणालीमा सुधार गर्ने जस्ता कुराहरूमा जोड दियो । वि.सं. २०४९ मा रा.शि.आ. प्रतिवेदन पारीत भयो । यस प्रतिवेदनले देशको बदलिदो अवस्थाको आवश्यकतालाई ध्यानमा राखि शिक्षालाई सर्वसुलभ तथा प्रत्येक नेपालीको पहुँचमा पुऱ्याउने उद्देश्यले शिक्षाको संरचना, शिक्षाको राष्ट्रिय, तहगत र विषयगत उद्देश्य किटान, पाठ्क्रम निर्धारण र पाठ्क्रम अनुसारको पाठ्यपुस्तकको प्रयोग, पाठ्यभार, मूल्याङ्कन व्यवस्था, अतिरिक्त क्रियाकलापको समावेश हुनुपर्ने कुरामा जोड दिएको थियो । वि.सं. २०५५ मा गठित उ.रा.शि.आ.ले शिक्षामा सरकारी नीति र रणनीति बारे स्पष्ट पारी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र सामाजिक न्यायमा आधारित शिक्षा हुनुपर्ने कुरामा जोड दियो (अधिकारी, सन् २०११) ।

विभिन्न समिति, आयोग तथा प्रतिवेदनले समयको गति र माग अनुसार शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्ने प्रयास गर्दै आईरहेको पाइन्छ । शिक्षाको सुधारका क्रममा पाठ्यक्रम निर्धारण गर्ने र विभिन्न समयमा पाठ्यक्रम परिमार्जन हुँदै गरेको पाइन्छ । आधुनिक शिक्षा प्रणालीको सन्दर्भमा पाठ्यक्रम निर्धारण र परिमार्जनको क्रमलाई हेर्दा ने.रा.शि.आ. २०११, स.रा.शि.स. २०१८, रा.शि.प.यो २०२८, रा.शि.अ. २०४९ मा पाठ्यक्रमको निर्धारण भएको पाइन्छ । यसैगरी शिक्षा नियमावली २०५९ ले पनि पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धमा पाठ्यक्रम परिमार्जन गर्ने नीति लागु गरेको छ । यसरी विभिन्न समयमा पाठ्यक्रममा परिमार्जन हुँदै जाने क्रमलाई अध्ययन गर्दा आधुनिक शिक्षा प्रणालीको सुरुवातमा माध्यमिक तहमा मुख्य रूपमा नेपाली, सामाजिक, व्यावहारिक विज्ञान, व्यावहारिक गणित, आत्मविकास र शारीरिक विकास र व्यावसायिक शिक्षा विषयहरू निर्धारण गरेको पाइन्छ । समय समयमा पाठ्यक्रम परिमार्जन हुँदै जाने क्रममा रा.शि.आ. २०४९ सम्म आइपुग्दा साधारण विद्यालयमा माध्यमिक तहमा मुख्य पाठ्यक्रमको रूपमा नेपाली, गणित, अंग्रेजी, सामाजिक शिक्षा, विज्ञान, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा विषयहरू निर्धारण गरिएका छन् । सबै विद्यार्थीहरूलाई समान रूपमा आवश्यक पर्ने आधारभूत ज्ञान, सीप तथा धारणा विकास गर्न एकिकृत रूपमा राखिएका विषयवस्तुहरूलाई मुख्य पाठ्यक्रम भनिन्छ । मुख्य पाठ्यक्रम शिक्षाको मेरुदण्ड हो । जसलाई आधारभूत पाठ्यक्रम पनि भन्ने गरिन्छ । मा.वि. तहमा गणित, विज्ञान र सामाजिक शिक्षा विषयहरू मुख्य पाठ्यक्रम अन्तर्गत अनिवार्य विषयको रूपमा अध्ययन अध्यापन गरिदै आएको छ । यसबाट पनि यो निष्कर्ष प्राप्त हुन्छ, की यी विषयहरूमा भएका ज्ञान, सीपहरू प्रत्येक विद्यार्थी तथा व्यक्तिका लागि अत्यन्तै आवश्यकीय छन् । प्रस्तुत अध्ययन माध्यमिक तहको अनिवार्य विषय अन्तर्गत पर्ने गणित, विज्ञान र सामाजिक अध्ययन विषय शिक्षकहरूले शिक्षण प्रतिको धारणा र अभ्यास सम्बन्धमा रहेकाले उक्त विषयको बारेमा परिचय दिने प्रयास गरिएको छ ।

गणित दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्ने विषयवस्तुहरू समेटिएको शिक्षा हो, जुन दैनिक व्यवहारदेखि व्यापार, उद्योग ,संचार तथा अन्य विकास योजना र राष्ट्र निर्माणको क्षेत्रमा प्रयोग हुने गर्दछ । माध्यमिक तहमा गणित शिक्षाको साधारण उद्देश्यहरू : दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न, आधारभूत गणितीय धारणाको विकास गर्न, गणितको महत्त्वलाई आत्मसात गर्न र उच्च अध्ययन तथा अन्य विषयको अधयनका लागि आवश्यक पर्ने गणितीय ज्ञान, सीप तथा अभिवृत्तिको विकास गर्न रहेका छन् । शिक्षण विधिहरूमा आगमन खोज, समस्या समाधान, प्रदर्शन, प्रश्नोत्तर, प्रयोगात्मक र विश्लेषण तथा संश्लेषण विधिको प्रयोग गर्नुपर्दछ । शिक्षण सामग्रीहरूमा चार्ट, तालिका, ज्यामितीय औजारहरूको प्रयोग गरिनुपर्दछ ।

विज्ञान वातावरणसँग सम्बन्धित कुनै पनि कुरामा उठेका नयाँ प्रश्नको सवभन्दा राम्रो जवाफका लागि खोजीनीति गर्ने एक गतिशिल तरिका हो । माध्यमिक तहमा विज्ञान शिक्षाको साधारण उद्देश्यहरू : दैनिक जीवनमा आइपर्ने समस्याहरू समाधान गर्न, वैज्ञानिक धारणाहरू, सिद्धान्तहरू र नियमहरूको आधारभूत ज्ञान विकास गर्न, प्राकृतिक गतिविधि र तिनका असरवारे व्याख्या गर्न, विज्ञान र मानव जीवनको आपसी सम्बन्ध पहिल्याई व्याख्या गर्न, वैज्ञानिक विकासको कदर गरी वैज्ञानिक अनुसन्धानप्रति जिज्ञासाको विकास गर्न, भावी अध्ययका लागि आवश्यक वैज्ञानिक ज्ञानको विकास गर्न रहेका छन् । शिक्षण विधिहरूमा छलफल, प्रदर्शन, प्रश्नोत्तर, स्थलगत, प्रयोगात्मक, अवलोकन, लघु परियोजना कार्य, अन्वेषण, समस्या समाधान, वादविवाद, भूमिका अभिनय विधिहरू प्रयोग गर्नुपर्दछ । शिक्षण सामग्रीहरूमा चित्र, चार्ट, रासायनिक विज्ञानका सामग्रीहरूको प्रयोग गर्नुपर्दछ (पण्डित, २०५६) ।

सामाजिक शिक्षा मानिसको भूत वर्तमान तथा भविष्यको सामाजिक, आर्थिक, राजनीतिक धार्मिक आदि विषयवस्तु समेटेर तयार पारेको पाठयक्रम हो । सामाजिक शिक्षाको अध्ययनले मानिसले आफ्नो सामाजिक वातावरण र आर्दशलाई बुझी सामाजिक चरित्रको विकास गर्न र सामुहिक जीवनयापन गर्न मद्दत पुग्छ । माध्यमिक तहमा सामाजिक शिक्षाको साधारण उद्देश्यहरू : दिगो विकासको अवधारणा बताउन, सामाजिक मूल्य, मान्यता, साहित्य, कला र संस्कृतिको संरक्षण गर्न, सामाजिक समस्या समाधान गर्न, नेपालको संवैधानिक विकासक्रम बताउन, राज्यका अंगहरूको परिचय दिन, नक्सा र ग्लोवको प्रयोग गर्न, ऐतिहासिक घटनाक्रमले पारेको प्रभाव उल्लेख गर्न रहेका छन् । शिक्षण विधिहरूमा प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, खोज, अभिनय, परियोजना, प्रयोगात्मक, क्षेत्रभ्रमण र आगमन विधिहरू प्रयोग गर्नुपर्दछ । शिक्षण सामग्रीहरूमा पुस्तक, पत्रपत्रिका, अखवार, पम्पलेट, पाठ्यक्रम शिक्षण निर्देशिका, नक्सा, ग्लोव, चार्ट, मोडेल, ग्राफ, चित्र, रेडीयो, टेपरेकर्ड, ग्रामोफोन, नाटक, सिनेमा आदिको प्रयोग गर्नुपर्दछ (सामाजिक अध्ययन शिक्षण, २०६४) ।

यसरी सरकारी तवरबाट समय सुहाउँदो पाठ्यक्रम सुधार र परिमार्जन हुँदै गएको छ । तर पाठ्यक्रम र पाठ्यपुस्तक मात्र राम्रो भएर शिक्षण सिकाई प्रभावकारी हुन सक्दैन, जसका लागि दक्ष शिक्षकको आवश्यकता पर्दछ । पाठ्यक्रममा तोकिएका विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउने काम शिक्षकको हो । त्यसैले शिक्षकले विषयवस्तु र विद्यार्थीबीच पुलको काम गर्दछ । शिक्षक एक मार्गनिर्देशक तथा पथप्रदर्शक हो, तसर्थ शिक्षकले आफ्नो पेशाप्रति दख्खल हुनुपर्दछ । प्रभावकारी शिक्षणका लागि शिक्षकमा विषयवस्तुको उच्च ज्ञान शिक्षण निपुणता, वर्तमान शिक्षा पद्धतीको ज्ञान, शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान बालमनोविज्ञानको ज्ञान, पेशाप्रति सकारात्मक धारणा, उत्तरदायित्वको वोध भएको हुनुपर्दछ । यसका लागि शिक्षकले आफूले शिक्षण गर्ने तहका लागि न्युनतम शैक्षिक योग्यता हासिल गरेको र तालिम लिएको हुनुपर्दछ । शिक्षक तालिमबाट शिक्षकले ज्ञान, सीप, क्षमतामा अभिवृद्धि हुन गई शिक्षण विधिहरूको प्रयोग गर्न, शैक्षिक सामग्रीको प्रयोग गर्न, मनोवैज्ञानिक आधारमा शिक्षण गर्न, शिक्षण सिकाइ वातावरणलाई सुधार गर्न र शिक्षणप्रति सकारात्मक धारणाको विकास गराउँछ । वि.सं.२००४ मा शिक्षण तालिमको अवधारणा विकास भएर वि.स. .२०२८ मा शिक्षक तालिम अनिवार्य हुन नपर्ने व्यवस्था लागु भए पश्चात् वि.सं. २०४९ देखि शिक्षक तालिमलाई अनिवार्य गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

कुनै पनि देशको विकास शिक्षा क्षेत्रबाट नै अगाडि बढेको देखिन्छ जसका लागि सांस्कृतिक, सामाजिक, धार्मिक, भौगोलिक, आर्थिक र राजनैतिक तत्त्वले प्रभाव पार्दछ । नेपाल बहुधार्मिक, बहुभाषिक, बहुसंस्कृति, भौगोलिक विविधता, कमजोर अर्थतन्त्र र राजनैतिक अस्थिरता भएको देश हो । फलस्वरूप शिक्षा सवै नेपालीको पहुँचमा पुग्न सकेको छैन । जसले गर्दा शिक्षक नियुक्ति समावेशी किसिमको छैन । अधिकारी, सन् २०११ अनुसार माध्यमिक तहमा कुल शिक्षक मध्ये महिला शिक्षक १५.६ प्रतिशत, सामुदायिक विद्यालय तर्फ महिला शिक्षक १०.५ प्रतिशत, दलित शिक्षक २.९ प्रतिशत, जनजाति शिक्षक १०.६ प्रतिशत र पुरा तालिम प्राप्त शिक्षक ८४.८ प्रतिशत रहेको देखिन्छ ।

यद्यपी नेपालको परिवेशमा एकातर्फ तालिम प्राप्त शिक्षकको अभाव छ भने अर्कातर्फ तालिम प्राप्त शिक्षकले पनि तालिममा प्राप्त गरेको ज्ञान, सीप कक्षाकोठामा प्रयोग न्यून मात्रामा गरेको देखिन्छ । यसैगरी शिक्षक पेशामा सबै जाति, लिङ्ग, धर्म र भाषा, भाषीका व्यक्तिहरूको प्रतिनिधित्व समावेशी किसिमको छैन । जसले गर्दा वदलिदो परिस्थितिमा बदलिदो पाठ्यक्रम र पाठ्यपुस्तक अनुसार प्रभावकारी शिक्षण कार्यान्वयन हुन सकेको छैन । यस्ता परिस्थितिमा प्रस्तुत अध्ययन 'माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास' शीर्षकअन्तर्गत शिक्षकको पृष्ठभूमि, शिक्षकको शिक्षण प्रतिको धारणा र शिक्षकको विषयगत अभ्यासको अवस्था कस्तो छ ? भन्ने वारेमा पत्ता लगाउन कोसिस गरिएको छ ।

यसबाट माध्यमिक तहमा शिक्षक र शिक्षणमा देखिएका कमिकमजोरी तथा समस्याहरू समाधान गर्नका लागि सम्बन्धित निकायलाई टेवा पुग्नेछ ।

## १.२ अध्ययनको समस्या

विद्यार्थीका ज्ञान, सीप र धारणाको विकासमा शिक्षण सिकाइको महत्त्वपूर्ण प्रभाव रहेको हुन्छ । प्रस्तुत अध्ययनको समस्या माध्यमिक विद्यालय तहका शिक्षकहरूले पाठ्यक्रमको विषयवस्तु अनुसार आफूमा भएको ज्ञान, सीप र धारणा प्रयोग गरी शिक्षण अभ्यास कसरी गरीराखेका छन् ? भन्ने कुरामा सम्बन्धित रहेको छ । हाम्रो देशको विद्यालय तहमा निर्माण भएको पाठ्यक्रम राम्रो भए तापनि उक्त पाठ्यक्रमलाई शिक्षण गर्ने शिक्षकहरू आफ्नो योग्यता, क्षमताका आधारमा समस्या समाधान, खोज, प्रदर्शन, प्रश्नोत्तर, छलफल आदि जस्ता विभिन्न शिक्षण विधिहरूको प्रयोग गरी शिक्षण गर्नुभन्दा पनि परम्परागत तरिकाले व्याख्यान विधिको मात्र प्रयोग गरी शिक्षण अभ्यास गर्ने गरेको पाइन्छ । यसका साथ-साथै विद्यालय तहमा रहेका शिक्षकहरूको पृष्ठभूमिलाई हेर्दा धेरै जसो सम्बन्धित विषयको योग्यता नभएका, तालिम अप्राप्त तथा समावेशी चरित्रका दक्ष शिक्षकहरूको अभाव रहेको पाइन्छ । त्यसैगरी शिक्षक छनोट गर्दा शिक्षणप्रति सकारात्मक धारणा भएका शिक्षकहरू छनोट गर्नमा त्यति ध्यान दिएको पाइदैन । फलस्वरूप दक्ष तथा विषयवस्तुप्रति उपयुक्त ज्ञान, सीप, धारणा भएका शिक्षकहरू छनोट हुन सकेको छैन, जसले गर्दा विद्यालयहरूमा सहि रूपमा शिक्षण सिकाई क्रियाकलाप नभई दिन प्रतिदिन शिक्षाको गुणस्तर खस्कदो छ । यस्तो परिस्थितिमा यस अध्ययनको समस्याहरूलाई निम्न बुदामा आधारित गरिएको छ ।

- विद्यालयमा शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि के, कस्तो छ ?
- शिक्षकको शिक्षण प्रतिको धारणा के, कस्तो छ ?
- शिक्षकको विषयगत शिक्षण अवस्था के, कस्तो छ ?

## १.३ अनुसन्धान प्रश्न

प्रस्तुत अध्ययन शीर्षकमा रहेका अनुसन्धान प्रश्नहरू निम्न अनुसार रहेका छन् ।

(क) शिक्षकको शैक्षिक योग्यता, तालिम, कार्यानुभव, उमेर, लिङ्ग, जात र धर्मका आधारमा पृष्ठभूमि कस्तो छ ?

(ख) शिक्षकको शिक्षण प्रतिको धारणा कस्तो छ ?

(ग) शिक्षकको शिक्षण गर्ने विषयप्रति धारणा कस्तो छ ?

(घ) शिक्षकको कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

(ङ) कक्षा शिक्षण गर्दा शिक्षकले कस्ता विधिहरूको बढी प्रयोग गर्दछन् ?

(च) कक्षा शिक्षणका क्रममा शिक्षण सामग्रीको प्रयोगको अवस्था कस्तो छ ?

(छ) शिक्षकको शिक्षण सिकाइ अभ्यास, विद्यार्थीको रुचि, क्षमता र स्तर अनुसार छ ?

(ज) कक्षा शिक्षणका क्रममा शिक्षकले विद्यार्थी मूल्याङकन के, कसरी गर्दछन् ?

(झ) कक्षा शिक्षणको अन्तमा शिक्षकले गृहकार्य दिने अवस्था कस्तो छ ?

(ञ) विद्यार्थीहरूको शिक्षक र शिक्षण अभ्यासप्रति कस्तो धारणा रहेको छ ?

**१.४ अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययन शीर्षकका लागि निम्न अनुसार उद्देश्यहरू राखिएका थिए ।

(क) शिक्षकको पृष्ठभूमि पहिचान गर्नु ।

(ख) शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउनु ।

(ग) शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउनु ।

**१.५ अध्ययनको औचित्य**

प्रस्तुत अध्ययनले राखेका उद्देश्यहरू अनुसार अनुसन्धान गरी वास्तविक अवस्था पहिचान भए पछि निम्न लिखित कुराहरूका लागि अध्ययन औचित्यपूर्ण हुनेछ ।

(क) शिक्षकको शैक्षिक योग्यता, तालिम, कार्यानुभव, उमेर, लिङ्ग, जात , धर्मका आधारमा पृष्ठभूमि पहिचान भए पश्चात् माध्यमिक तहमा दक्ष तथा समावेशी चरित्रका शिक्षक छनोट गर्न सहयोग मिल्नेछ ।

(ख) मा.वि. तहका शिक्षकहरूको शिक्षण प्रतिको धारणा पत्ता लागेपछि शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा विकास गर्ने कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग मिल्नेछ । साथै नयाँ शिक्षक छनोट गर्दा अभिवृत्ति परीक्षण गरेर मात्र शिक्षक छनोट गर्न आधार प्रदान गर्नेछ ।

(ग) शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लागेपछि शिक्षकको शिक्षण अभ्यासको क्रममा देखापरेका कमीकमजोरीहरूलाई सुधार गर्न सहयोग मिल्नेछ ।

(घ) यस अध्ययन पश्चात् यस अध्ययनसँग सम्बन्धित व्यक्ति, विद्यालय, शिक्षक, विद्यार्थी, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग र शिक्षा मन्त्रालय लगायत सम्बन्धित निकायलाई यससँग सम्बन्धित योजना, नीति, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग मिल्नेछ ।

**१.६ अध्ययनको सीमा**

प्रस्तुत अध्ययनको क्षेत्र व्यापक भए तापनि स्रोत, साधन र लगानीलाई मध्यनजर गरी निम्न अनुसारको सीमाभित्र रही अध्ययन कार्यलाई सम्पन्न गरिएको छ ।

(क) यस अध्ययनलाई छनोटमा परेका मा.वि. का कक्षा ९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको पृष्ठभूमि पहिचान गर्नमा मात्र सीमित गरिएको थियो ।

(ख) यस अध्ययनलाई छनोटमा परेका मा.वि. तहका कक्षा ९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शिक्षण प्रतिको धारणा पत्ता लगाउनमा मात्र सीमित गरिएको थियो ।

(ग) यस अध्ययनलाई छनोटमा परेका मा.वि. तहका कक्षा ९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शिक्षण अभ्यासको अवस्था पत्ता लगाउनमा मात्र सीमित गरिएको थियो ।

## १.७ पारिभाषिक शब्दावलीहरू

| | | |
|---|---|---|
| मा.वि. | : | माध्यमिक विद्यालय |
| शिक्षकको पृष्ठभूमि | : | शिक्षकको पृष्ठभूमि अन्तर्गत शिक्षकको योग्यता, तालिम कार्यानुभव, लिङ्ग, जात र धर्मको अवस्थालाई मानिने छ । |
| ने.रा.शि.यो.आ. | : | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग |
| स.रा.शि.स. | : | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति |
| रा.शि.प.यो. | : | राष्ट्रिय शिक्षा पद्धतीको योजना |
| रा.शि.आ. | : | राष्ट्रिय शिक्षा आयोग |
| उ.रा.शि.यो.आ. | : | उच्च राष्ट्रिय शिक्षा योजना आयोग |
| लिकर्ट विधि | : | लिकर्ट विधिमा शिक्षकको शिक्षण प्रतिको धारणा सम्बन्धी २१ वटा वाक्यांशहरू निर्माण गरिएको थियो । ती प्रत्येक वाक्यांशहरूमा पूर्ण सहमत, सहमत अनिश्चित, असहमत र पूर्णसहमत गरी ५ वटा मध्ये शिक्षकलाई कुनै एउटामा प्रतिक्रिया गर्न लगाएर प्रतिक्रियाका आधारमा पूर्ण सहमत देखि पूर्ण असहमत सम्म क्रमशः ५, ४, ३, २, र १ वा क्रमशः १, २, ३, ४,र ५ अंक प्रदान गरिएको थियो । यसरी शिक्षकले दिएको प्रतिक्रियाको आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाइएको थियो । |
| शिक्षण विधि | : | पाठ्यक्रमले तोकेका विषयवस्तुमा रहेका ज्ञान, सीप, विद्यार्थीहरूलाई स्थानान्तरण गर्ने प्रक्रियालाई शिक्षण विधि भनिन्छ । |
| कक्षा शिक्षण | : | विषय शिक्षकले तोकेका विषयवस्तुलाई कक्षाकोठामा विद्यार्थीलाई अध्यापन गर्नुलाई कक्षा शिक्षण भनिन्छ । |
| शिक्षण सामग्री | : | पाठ्यक्रमका विषयवस्तुहरू विद्यार्थीलाई अध्यापन गर्ने सन्दर्भमा प्रयोग गरिने ठोस सामग्रीलाई शिक्षण सामग्री भनिन्छ । |
| कक्षाकोठा व्यवस्थापन | : | पाठ्यक्रमका विषयवस्तु अनुसार शिक्षणको क्रममा कक्षाकोठाको वातावरण निर्माण गर्नुलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । |

## अध्याय दुई
## पूर्व साहित्यको समीक्षा

अनुसन्धानसँग सम्बन्धित पूर्व अध्ययन गरिएका अध्ययन, अनुसन्धान, कृति, लेख, रचना आदिलाई पूर्व साहित्य भनिन्छ । यस अध्ययन कार्यलाई सफलतासाथ सम्पन्न गर्न यस अध्ययनसँग सम्बन्धित पुस्तक, अनुसन्धानात्मक कृति, विभिन्न अध्ययन प्रतिवेदन र पत्रपत्रिकाहरूलाई अध्ययन गरी प्राप्त गरिएका सूचनालाई सैद्धान्तिक साहित्य र प्रयोगात्मक साहित्य अन्तर्गत तल उल्लेख गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

यो अध्ययनसँग सम्बन्धित सैद्धान्तिक मान्यता, विभिन्न विद्वानहरूका भनाई, परिभाषा तथा धारणाहरूलाई सैद्धान्तिक साहित्य अन्तर्गत पुनरावलोकन गरिएको छ ।

### २.१.१ शिक्षक

पाठ्यक्रमले तोकेको विषयवस्तु विद्यार्थीहरूलाई शिक्षण सिकाइ गरेर विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउने मुख्य व्यक्ति शिक्षक हो । शिक्षकलाई गुरु पनि भनिन्छ । गुरुको काम कर्तव्यको सन्दर्भमा शिक्षा पत्रिका २०६४ मा अर्यालले "ॐ असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्युमा अमृतम गमय ।" उल्लेख गरेका छन् । यसको अर्थ असत्बाट सत, अन्धकारबाट उज्यालो र मृत्युबाट अलौकिक जीवनमा लैजान सहयोग पुऱ्याउनु शिक्षकको मुख्य कर्तव्य हो ।

अधिकारी (२०६१) मा उद्धत वृहत् नेपाली शब्दकोशका अनुसार शिक्षक भन्नाले शिक्षा दिने वा विद्यालयमा अध्यापन गर्ने व्यक्ति, अध्यापक र गुरुलाई मानेको छ । शिक्षण सिकाई क्रियाकलापमा प्रमुख भूमिका खेलि विद्यार्थी एवं विषयवस्तुलाई सक्रिय गराउने व्यक्ति एवं शिक्षा दिने वा ज्ञान आर्जन गराउने व्यक्तिलाई शिक्षक भनिन्छ । शिक्षण सिकाइ अभ्यासमा प्रयोग गरिने साधनहरूको सहि एवं प्रभावकारी तरिकाले प्रयोग गराउने व्यक्ति शिक्षक हो ।

शर्मा (२०६१) मा आदर्शवादी दृष्टिकोण अनुसार शिक्षकलाई मानव जीवनमा पूर्णता ल्याउने ईश्वरको सहकर्मीको रूपमा लिइएको पाइन्छ । जसले कलिला मस्तिष्कका बालबालिकाहरूलाई उज्जवत तथा आदर्श नागरिक बनाउन अग्रणी भूमिका खेल्दछ । प्रकृतीवादी दृष्टिकोण अनुसार शिक्षकलाई बालकको मित्रका रुपमा, प्राकृतिक वातावरण निर्माताका रूपमा तथा विद्यार्थीको ऐच्छिक क्रियाकलापको उत्प्रेरकका रूपमा मानेको पाइन्छ । प्रयोजनवादी दृष्टिकोण अनुसार शिक्षकलाई विद्यार्थीको अन्तरनिहीत क्षमता, इच्छा, आकांक्षा अनुभवको स्तर सिकाइ वातावरणको निर्माता तथा सम्पूर्ण शैक्षिक क्रियाकलापको पथप्रदर्शकको

रूपमा लिएको पाइन्छ । यथार्थवादी दृष्टिकोण अनुसार शिक्षक भनेको विद्यार्थीहरुलाई ज्ञान एवं व्यवहार सिकाउने एक कुशल निर्देशक हो ।

ढकाल र कोइराला (२०६५) मा प्रगतिवादी दृष्टिकोण अनुसार शिक्षकलाई मार्गदर्शक, मूल्याङ्कन, सामाजिक उत्प्रेरकका रूपमा लिइएको छ । प्रगतिवादले शिक्षकलाई विभिन्न स्वरूपमा राखेको छ । प्रयोगवादको दृष्टिमा शिक्षक एक प्रयोगकर्ताका रूपमा, मानवतावादको दृष्टिमा शिक्षक एक मानवकर्ताका रूपमा र प्रयोजनवादका दृष्टिमा शिक्षक एक प्रयोग कर्ताका रूपमा लिइएको पाइन्छ । अस्तित्ववादी दृष्टिकोण अनुसार शिक्षकलाई सिकारुमा प्रकृति र समाजबाट आउने समस्याहरूका विपरित संघर्ष गर्न सक्ने क्षमताको निर्माण गराउने व्यक्तिको रूपमा लिइएको पाइन्छ ।

माथि उल्लेखित भनाइ र विभिन्न वादहरूको दृष्टिकोणका आधारमा शिक्षक भनेको अन्धकारलाई हटाउने, आफ्नो पेशाप्रति सधै जिम्मेवार, सिकारुको निर्माता, सहयोगी, उत्प्रेरक तथा ईश्वरको प्रतिनिधि हो । साथै सिकारुको रुचि, स्तर, क्षमता र आकांक्षा अनुसार शिक्षण सिकाइ वातावरणको निर्माता हो ।

### २.१.२ **शिक्षण**

शिक्षाको उद्देश्य अनुसार निर्माण भएको पाठ्यक्रमलाई कार्यान्वयन गर्ने व्यक्ति शिक्षक हो । शिक्षकले सिकारुमा रहेको अन्तरनिहीत क्षमतालाई प्रस्फुटन गर्न पाठ्यक्रमले तोकेको ज्ञान, सीप कक्षाकोठाको वातावरणमा सिकाउनुलाई शिक्षण भनिन्छ ।

शर्मा एण्ड शर्मा (२०५८) का अनुसार - “बालकको क्षमता, दक्षता, सृजनात्मक विकास गरी उसले चाहे जस्तो सरल तरिकाबाट ज्ञान र सीप प्रदान गर्नु शिक्षकको दायित्व हो । बालकको विकासक्रम अनुसार बौद्धिक विकास गराउनु शिक्षण हो । र शिक्षण बालक र वातावरण बीचको अन्तर्क्रिया हो ।”

Agrawal (1997) का अनुसार - “सिकाइको लागि प्रयाप्त क्रियाकलापहरू र अनुभवहरू जुटाउन आफ्नै प्रयासले विद्यार्थीलाई सिक्न सक्षम तुल्याउनु, विद्यार्थीलाई सिक्नको लागि प्रेरित गर्न समन्वय गर्नु, विद्यार्थी केन्द्रित शिक्षण गर्नु, विद्यार्थीहरूलाई दक्ष, योग्य र अनुशासित तुल्याउनु, निदानात्मक र उपचारात्मक प्रक्रिया अपनाई विद्यार्थीलाई सक्षम तुल्याउनु, विद्यार्थीहरूको संवेगात्मक स्थिरताको नेतृत्व प्रदान गर्नुलाई असल शिक्षणको रूपमा परिभाषित गरेका छन् ।”

शर्मा (२०६१) मा वर्टनको विचार अनुसार - “शिक्षण भनेको सिकाइका लागि उत्प्रेरणा, सल्लाह, निर्देशन एवं साहस प्रदान गर्नु हो ।”

क्लार्कका अनुसार - "शिक्षण एउटा प्रक्रिया हो, जसको व्यवस्था एवं संचालन विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनका निम्ति गरिन्छ ।"

माथिका विभिन्न विद्वानहरूका भनाइ र परिभाषा अनुसार सिकारुमा सिकाइका लागि उत्प्रेरणा तथा साहस प्रदान गरी सिकारुको क्षमता, दक्षता, सृजन शिलताका विकास गर्न व्यवहारमा सकारात्मक परिवर्तन गर्नुलाई शिक्षण भनिन्छ ।

### २.१.३ शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास

कुनै पनि विषय घटना र प्रतिक्रियाहरूप्रति मानिसले गर्ने सामान्यतया स्थिर प्रवृत्ति नै अभिवृत्ति वा धारणा हो । यो मानिसमा निहित मनोवैज्ञानिक गुण हो ।

खनाल र अन्य (२०६५) मा थर्स्टर्नले अभिवृत्तिलाई "कुनै विशिष्ट विषयवस्तुप्रति व्यक्तिको प्रवृत्ति वा पूर्व निर्धारित विचार हो ।"

मनोवैज्ञानिक शब्दकोष (१९९६) अनुसार - "कुनै व्यक्ति, वस्तु, संस्था वा मुद्दा सम्बन्धमा व्यवहार गर्ने वा प्रतिक्रिया गर्ने सामान्यतया स्थिर प्रवृत्ति नै अभिवृत्ति हो ।"

Shrestha (1982) मा Elisassen and Martin का अनुसार - "शिक्षकको शिक्षण प्रतिको धारणा वा अभिवृत्तिका आधारमा शिक्षण अभ्यासमा प्रभाव पारेको हुन्छ । यदि शिक्षकमा शिक्षणप्रति सकारात्मक धारणा छ, भने त्यस्तो शिक्षकले आफ्नो पेशा र विषयमा रुचि राखि शिक्षण कार्यलाई राम्रो ढङ्गले पुरा गर्न सक्दछ । साथै आफ्नो शिक्षण अभ्यासप्रति सन्तुष्ट हुन्छ । यदि शिक्षकको शिक्षणप्रति नकारात्मक अभिवृत्ति भएमा यस्ता शिक्षकको शिक्षण गर्ने विषय र पेशाप्रति रुचि हुँदैन, फलस्वरूप शिक्षण अभ्यास प्रभावकारी हुन सक्दैन । यदी शिक्षकमा अनिश्चित अभिवृत्ति छ, भने यस्ता शिक्षकको शिक्षण गर्ने विषय र पेशा प्रतिको रुचि, धारणा तटस्थ हुन्छ ।"

माथि उल्लेखित भनाई र दृष्टिकोणका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा भन्नाले शिक्षकको शिक्षण प्रतिको स्थिर प्रवृत्तिलाई बुझाउँछ । एउटा असल शिक्षकमा शिक्षण प्रतिको धारणा सकारात्मक हुनुपर्दछ, तवमात्र शिक्षण अभ्यास प्रभावकारी रूपले सम्पन्न गर्न सकिन्छ ।

## २.२ प्रयोगात्मक साहित्यको पुनरावलोकन

प्रस्तुत अध्ययन शीर्षक तथा उद्देश्यसँग मेल खाने खालका विभिन्न व्यक्ति, संघ-संस्था तथा सरकारी निकायहरूबाट गरिएका अध्ययन अनुसन्धानहरूको अध्ययनवाट प्राप्त निष्कर्षलाई प्रयोगात्मक साहित्यको पुनरावलोकन भित्र राखिएको छ । जुन निम्न अनुसार छन् :

कर्मचारी (वि.सं. २०३२) ले गरेको अध्ययनमा शिक्षकहरूले कक्षा शिक्षणको क्रममा शिक्षण योजना नबनाइ कक्षामा उपस्थित हुने गरेको तथा अध्ययनमा परेका १५ प्रतिशत शिक्षकले मात्र कक्षा शिक्षणको क्रममा पाठ्यक्रमको प्रयोग गर्ने गरेको उल्लेख गरेका थिए ।

फूयाँल (वि.सं. २०५५) ले गरेको शिक्षा र विकास सम्बन्धी अध्ययनमा सहकारी विद्यालयका शिक्षकहरूले समस्या समाधान विधि, छलफल विधि, प्रदर्शन विधि तथा प्रयोगात्मक विधिको प्रयोग गरी पाठको शिक्षण गर्ने गरेको तथा नीजि विद्यालयका करीव ४० प्रतिशत शिक्षकले प्रश्नोत्तर विधिको प्रयोग गर्ने गरेको कुरा अध्ययनमा पाइएको थियो ।

विष्ट (वि.सं. २०५९) ले गरेको अध्ययनमा माध्यमिक शिक्षा परियोजनाबाट सञ्चालन गरेको शिक्षक तालिमले शिक्षकको धारणा, विकास, प्रकृति व्यवहार र कक्षाकोठाको उपलब्धि राम्रो गरिरहेको उल्लेख गरिएको थियो ।

सेरिड (सन् २००३) मा कक्षाकोठामा तालिममा सीपहरूको स्थानान्तरण सम्बन्धी अध्ययनमा, अध्ययनका लागि छनोटमा परेका विद्यालयमा अत्यधिक विद्यार्थी भएका कारणले कक्षा व्यवस्थापन शिक्षकको उपयुक्त ढङ्गले गर्न नसकेको पाइयो । शिक्षकहरूले कक्षाकोठाको व्यवस्थापन गर्दा तालिममा सिकेको सीपलाई कार्यान्वयन थोरै विद्यालयका शिक्षकहरूले मात्र गर्ने गरेको पाइएको थियो ।

शिक्षा विभाग (वि.सं. २०६०) Teaching Materials and Classroom Observation सम्वन्धि अध्ययनमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था पहिचान गर्ने प्रयास गरिएको थियो । जसमा धेरैजसो विद्यालयमा शैक्षिक सामग्रीहरूको उपलब्धता भएता पनि ग्रामिण भेगका विद्यालयहरूमा शैक्षिक सागग्रीको कमि रहेको र विशेष गरेर हिमाली र उच्च पहाडी भेगका दुर्गम विद्यालयहरूमा यातायात सुविधाको अभावले शैक्षिक सामग्रीको उपलब्धतामा कमी रहेको निष्कर्ष निकालिएको थियो ।


खनाल (वि.सं. २०६७) अनुसार शिक्षकहरूले शैक्षिक योजना निर्माण नगरी शिक्षण गर्ने गरेको, शैक्षिक सामग्री विद्यालयमा उपलब्ध हुने मात्र प्रयोग गरेको, शिक्षण गर्दा कक्षाकोठाको व्यवस्थापन उपयुक्त ढङ्गले नगर्ने गरेको, अधिकांश शिक्षकहरूले शिक्षण गर्दा व्याख्यान विधि नै बढी प्रयोग गर्ने गरेको, शिक्षणको क्रममा विद्यार्थी मूल्याङ्कन गर्दा व्यक्तिगत प्रश्न सोधेर, कक्षा कार्य गर्न लगाएर र शिक्षकले सधै गृहकार्य दिने र सारांश भन्ने गरेको निष्कर्ष प्राप्त भएको थियो तर शिक्षकहरूमा रहेको सीप कक्षामा उपयुक्त रूपमा प्रयोग तथा प्रदर्शन हुन नसकेको निष्कर्ष निकालेको थियो ।

माथिको प्रयोगात्मक साहित्यको पुनरावलोकनबाट यो अध्ययन “माध्यमिक विद्यालयमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास” शीर्षकले राखेका अध्ययनका उद्देश्यहरूसँग पूर्ण

रूपमा नमिले तापनि आंशिक रूपले मिल्ने किसिमका छन् । उल्लेख गरिएका अध्ययन तथा अनुसन्धानहरू शिक्षण योजना, पाठ्यपुस्तकको प्रयोग, शिक्षण विधि, शिक्षक तालिम, कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्रीको प्रयोग, शिक्षण क्रियाकलाप सम्बन्धी भिन्न-भिन्न शीर्षकमा अध्ययन अनुसन्धान गरिएका छन्, भने यो अध्ययनलले यी वाहेक छनोटमा परेका मा.वि. तहका शिक्षकहरूको पृष्ठभूमि, शिक्षकहरूको शिक्षण प्रतिको धारणा र विषयगत अभ्यास शिक्षणको अवस्था पत्ता लगाउने प्रयत्न गरेको छ ।

## २.३ अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययन “माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास” सम्बन्धी अवधारणात्मक ढाँचा यस प्रकार रहेको छ :



# अध्याय तीन
# अध्ययन विधि

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई पुरा गर्नका लागि अपनाइने तरीकालाई अध्ययन विधि भनिन्छ । अध्ययन विधिलाई परिमाणात्मक, गुणात्मक र मिश्रित गरी तीन किसिममा विभाजन गर्न सकिन्छ । यस अध्ययनको उद्देश्य प्राप्त गर्न आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययन अनुसन्धान कार्यको उद्देश्य प्राप्त गर्न निश्चित योजना र रणनीतिको आवश्यक पर्दछ । प्रस्तुत अध्ययनलाई उद्देश्य अनुसार सफल पार्न परिमाणात्मक र गुणात्मक दुइटै विधिको आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

### ३.१.१ सूचना संकलनको ढाँचा

प्रस्तुत अध्ययनलाई उद्देश्य अनुसार निम्न लिखित स्रोत साधनको प्रयोग गरी सूचना संकलन गरिएको थियो । जसलाई तलको तालिका नं. ३.१ मा राखिएको  छ ।

**तालिका नं. ३.१ : सूचना संकलनको ढाँचा**

| क्र.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| (क) | शिक्षकको पृष्ठभूमि पहिचान गर्नु | शिक्षक | व्यक्तिगत विवरण फारम |
| (ख) | शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउनु | शिक्षक | लिकर्ट विधि |
| (ग) | शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउनु | शिक्षक<br>विद्यार्थी | अन्तर्वार्ता,<br>कक्षाअवलोकन फाराम<br>लक्षित समूह छलफल |

## ३.२ जनसंख्या र नमुना छनोट

प्रस्तुत अध्ययनका लागि उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी जनसंख्याको नमुना छनोट गरिएको थियो । उद्देश्यमूलक विधिद्वारा जनसंख्या छनोट गर्दा अध्ययनका उद्देश्यहरू अनुसार आवश्यक सूचना संकलन गर्न सकिने गरी नमुना छनोट गरिएको थियो ।

### ३.२.१ जिल्ला छनोट

प्रस्तुत अध्ययनका लागि अध्ययनको उद्देश्य पुरा गर्न सजिलो हुने र अध्ययनकर्ताको पायक पर्ने जिल्ला भएकोले पाल्पा जिल्लालाई छनोट गरिएको थियो ।

### ३.२.२ विद्यालय छनोट

प्रस्तुत अध्ययन पाल्पा जिल्लामा अवस्थित भैरवस्थान र कसुमखोला स्रोतकेन्द्र अन्तर्गतका मा.वि. मध्ये उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरी ४ वटा विद्यालयहरूलाई छनोट गरिएको थियो । यस अध्ययनमा राखिएका उद्देश्यहरूका लागि आवश्यक पर्ने सूचना संकलन गर्न उपयुक्त भएकोले यी विद्यालयहरूको छनोट गरिएको थियो । जुन विद्यालयहरू यसप्रकार छन् :

- श्री आदर्श उ.मा.वि. देउराली, पाल्पा ।
- श्री भवानी उ.मा.वि. कुसुमखोला, पाल्पा ।
- श्री सरस्वती उ.मा.वि. खस्यौली, पाल्पा ।
- श्री भैरव जनता उ.मा.वि. भैरवस्थान, पाल्पा ।

### ३.२.३ शिक्षक छनोट

प्रस्तुत अध्ययनका लागि छनोटमा परेका विद्यालयहरूका कक्षा- ९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका ३/३ जना शिक्षकहरू गरी ४ वटा विद्यालयका जम्मा १२ जना शिक्षक छनोट गरिएको थियो ।

### ३.२.४ विद्यार्थी छनोट

प्रस्तुत अध्ययनका लागि छनोटमा परेका ४ वटा विद्यालहरूका कक्षा- ९ मा अध्ययनरत विद्यार्थीहरू मध्ये उद्देश्यमूलक छनोट विधिको प्रयोग गरी प्रत्येक विद्यालयबाट ४ जना छात्र र ४ जना छात्रा पर्ने गरी जम्मा ८/८ जना विद्यार्थीहरूको समूह निर्माण गरी गरी जम्मा ३२ जना विद्यार्थीहरू छनोट गरिएको थियो ।

## ३.३ तथ्याङ्कको स्रोत

प्रस्तुत अध्ययनका लागि उद्देश्य अनुसार आवश्यक सूचना र तथ्याङ्क, संकलन गर्न निम्नानुसारका स्रोतहरूको प्रयोग गरिएको थियो ।

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनका लागि प्राथमिक सूचना तथा तथ्याङ्क संकलन गर्न शिक्षकको लागि व्यक्तिगत विवरण फाराम, लिकर्ट विधिको प्रयोग, खुल्ला प्रश्नावलीबाट अन्तर्वार्ता तथा कक्षा अवलोकन फारामको प्रयोग गरी कक्षा अवलोकन र विद्यार्थीहरूको लक्षित समूह छलफल गरिएको थियो ।

### ३.३.२ द्वितीय स्रोत

प्रस्तुत अध्ययनका लागि प्राथमिक स्रोतबाट संकलन गर्न नसकेको सूचना तथा तथ्याङ्कहरूलाई द्वितीय स्रोतको रूपमा छनोटमा परेका विद्यालयको प्रशासन, शिक्षा विभाग, शिक्षा मन्त्रालय, विभिन्न संघ-संस्था र व्यक्तिहरूबाट प्रकाशन गरिएका अध्ययन, अनुसन्धान, लेख, रचना, पत्रपत्रिका आदिबाट संकलन गरिएको थियो ।

### ३.४ सूचना संकलनका साधनहरू

प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क संकलन गर्नका लागि निम्नानुसारका साधनहरूको प्रयोग गरिएको थियो ।

### ३.४.१ शिक्षकको व्यक्तिगत विवरण फाराम

शिक्षकको व्यक्तिगत विवरण फारामको प्रयोग गरी शिक्षकको पृष्ठभूमि पहिचान सम्बन्धी सूचनाहरू संकलन गरिएको थियो । शिक्षकको व्यक्तिगत विवरण फाराम अनुसूची नं.३ मा प्रस्तुत गरिएको छ ।

### ३.४.२ लिकर्ट विधि

लिकर्ट विधि प्रयोग गरी शिक्षकको शिक्षण प्रतिको धारणा सम्बन्धी सूचना संकलन गरिएको थियो । लिकर्ट विधिलाई अनुसूची नं. ४ मा प्रस्तुत गरिएको छ ।

### ३.४.३ अन्तर्वार्ता

खुला प्रश्नावलीहरूको प्रयोग गरी शिक्षकहरूको अन्तर्वार्ता लिएर शिक्षकहरूको विषयगत शिक्षण अभ्यासको अवस्था सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो । शिक्षकको अन्तर्वार्ताका लागि प्रयोग भएका खुला प्रश्नावलीहरूलाई अनुसूची नं. ६ मा प्रस्तुत गरिएको छ ।

### ३.४.४ कक्षा अवलोकन फाराम

शिक्षकहरूको शिक्षण अभ्यासको अवस्था पत्ता लगाउन कक्षा अवलोकन फाराम तयार गरिएको थियो । शिक्षकको कक्षा अवलोकन फारामलाई अनुसूची नं. ७ मा प्रस्तुत गरिएको छ ।

### ३.४.५ लक्षित समुह छलफल निर्देशिका

शिक्षकहरूको शिक्षण अभ्यास र शिक्षकप्रति विद्यार्थीहरूको धारणा पत्ता लगाउन लक्षित समूह छलफल निर्देशिका तयार गरिएको थियो । विद्यार्थीहरूका लागि तयार पारिएको लक्षित समूह छलफल निर्देशिका अनुसुची नं. ८ मा प्रस्तुत गरिएको छ ।

### ३.५ साधनको वैधता

प्रस्तुत अध्ययनको तथ्याङ्क संकलन गर्नको लागि साधनहरूको निर्माण गरे पश्चात् सहपाठी साथीहरू, शिक्षक, शोधनिर्देशकज्यूको सल्लाह र सुझाव अनुसार पुनः परिमार्जन गरिएको थियो । परिमार्जित साधनहरूको पूर्व परीक्षण समेत गरेर साधनहरूको वैधता कायम गर्ने प्रयास गरिएको थियो ।

### ३.६ तथ्याङ्कको संकलन प्रक्रिया

प्रस्तुत अध्ययनका लागि सुचना तथा तथ्याङ्क संकलन गर्न निर्माण गरिएका साधनहरूको निम्नलिखित प्रक्रिया अनुसार प्रयोग गरिएको थियो ।

#### ३.६.१ परिवेश निर्माण

प्रस्तुत अध्ययनका क्रममा छनोटमा परेका प्रत्येक विद्यालयमा अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा गई आफ्नो अध्ययनको उद्देश्य प्रधानाध्यापक र शिक्षकहरूलाई जनाकारी दिई अध्ययनका लागि अनुमति मागी आवश्यक सूचना र तथ्याङ्क संकलन गरिएको थियो । यसै गरी अध्ययनकर्ताले विद्यालय, शिक्षक र विद्यार्थीहरूबाट प्राप्त सूचना र तथ्याङ्क अन्य क्षेत्रमा प्रयोग नगरिने तथा सूचनादाताहरूका विचारहरूलाई गोप्य राखिने विश्वास प्रदान गरिएको थियो ।

#### ३.६.२ शिक्षकको व्यक्तिगत विवरण संकलन

छनोटमा परेका प्रत्येक विषयका शिक्षकहरूसँग अन्तर्वार्ता लिएर शिक्षकको व्यक्तिगत विवरण फाराम भरी शिक्षकहरूको व्यक्तिगत विवरण सम्बन्धी सूचना संकलन गरिएको थियो ।

#### ३.६.३ अन्तर्वार्ता

छनोटमा परेका प्रत्येक विषयका विषय शिक्षकसँग अन्तर्वार्ता मार्फत खुल्ला प्रश्नावली सोधेर शिक्षकको विषय प्रतिको अभ्यास सम्बन्धी सूचना संकलन गरिएको थियो ।

#### ३.६.४ लिकर्ट विधिको प्रयोग

छनोटमा परेका प्रत्येक विषय शिक्षकहरूलाई तयार गरिएको लिकर्ट स्केलमा प्रतिक्रिया गर्न लगाई शिक्षकको शिक्षण प्रतिको धारणा सम्बन्धी सूचना संकलन गरिएको थियो । संकलित सूचनाको आधारमा प्राप्त गरिएको तथ्याङ्कलाई अनुसूची नं. ५ मा राखिएको छ ।

#### ३.६.५ कक्षा अवलोकन

यस अध्ययनका लागि छनोटमा परेका विद्यालयका विषय शिक्षकहरूको २०६७ माघ १५ गते देखि २०६७ फाल्गुन ३ गते सम्म ३/३ पटक कक्षा अवलोकन गरी कक्षा अवलोकन

फाराम निर्देशिका अनुसार शिक्षकको विषयगत शिक्षण अभ्यास सम्बन्धी सूचना संकलन गरिएको थियो ।

### ३.६.६ लक्षित समूह छलफल

शिक्षकको शिक्षण अभ्यास र शिक्षण प्रतिको विद्यार्थीहरूको धारणा पत्ता लगाउन छनोटमा परेका प्रत्येक विद्यालयका कक्षा- ९ मा अध्ययनरत छात्र/छात्राहरूको प्रतिनिधित्व हुने गरी छनोट गरिएका ८/८ जना विद्यार्थीहरूको लक्षित समूह छलफल निर्देशिका अनुसार छलफल गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

### ३.६.७ सूचनाको वैधता निर्धारण

प्रस्तुत अध्ययनका लागि विभिन्न साधनहरूको प्रयोग गरी संकलन गरिएको सूचनाको वैधता निर्धारण गर्न अन्तर्वार्ता, कक्षा अवलोकन र लक्षित समूह छलफल माध्यमबाट प्राप्त सूचनाहरूलाई एक आपसमा तुलना र त्रिकोणात्मक जाँच गरिएको थियो ।

## ३.७ तथ्याङ्कको विश्लेषण र व्याख्या

प्रस्तुत अध्ययनका लागि उद्देश्य अनुसार आवश्यक पर्ने सूचना तथा तथ्याङ्कलाई विभिन्न स्रोतहरूबाट संकलन गरिएको थियो । यसरी संकलन गरिएको सूचना तथा तथ्याङ्कलाई अनुसन्धान प्रश्नका आधारमा विभिन्न शीर्षकहरूमा राखि आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक विधिको प्रयोग गरी व्याख्या गरिएको थियो ।

### ३.७.१ तथ्याङ्कको संगठन र रूपान्तरण

यस अध्ययनका लागि विभिन्न स्रोतहरूबाट संकलन गरिएका सूचना तथा तथ्याङ्कलाई प्रकृती र स्वरूपका आधारमा अलग-अलग रूपमा संगठन र रूपान्तरण गरिएको थियो ।

### ३.७.२ तथ्याङ्कको तालिकीकरण

यस अध्ययनका लागि सूचना तथा तथ्याङ्कको प्रकृति र स्वरूपका आधारमा आवश्यकता अनुसार तालिकीकरण गरिएको थियो ।

### ३.७.३ तथ्याङ्कको व्याख्या

प्रस्तुत अध्ययनको क्रममा विभिन्न स्रोतहरूबाट प्राप्त सूचना तथा तथ्याङ्कलाई संगठन, रूपान्तरण तथा तालिकीकरण गरी विश्लेषण गरे पश्चात् अनुसन्धान प्रश्नका आधारमा आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक विधिको प्रयोग गरी सूचना तथा तथ्याङ्कको व्याख्या गरिएको थियो ।

# अध्याय चार

# सूचनाहरूको विश्लेषण र व्याख्या

प्रस्तुत अध्ययन शीर्षक "माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास" बारेमा छनोटमा परेका विद्यालयका माध्यमिक तहमा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका विषय शिक्षकहरूको पृष्ठभूमि पहिचान, शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यासको अवस्था पत्ता लगाउने उद्देश्यमा आधारित रहेको थियो । यी उद्देश्यहरू परिपूर्ति गर्न छनोटमा परेका विषय शिक्षकहरूको आवश्यक सूचना तथा तथ्याङ्क संकलन गर्न व्यक्तिगत विवरण फाराम भरेर, लिकर्ट विधिको प्रयोग गरी तयार गरिएका वाक्यांशमा शिक्षकलाई चिनो लगाउन लगाएर, खुल्ला प्रश्नावलीद्वारा अन्तर्वार्ता लिएर, कक्षा अवलोकन फाराम निर्देशिका अनुसार कक्षा अवलोकन गरेर तथा विद्यार्थीहरूलाई लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गरी छलफल गरिएको थियो । यसरी प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई अध्ययनका अनुसन्धान प्रश्नहरू अनुसार उपयुक्त हुनेगरी तलका शीर्षकहरूमा राखि विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ विद्यालयहरूको सामान्य परिचय

पाल्पा जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्विनी अञ्चलमा पर्दछ । यो जिल्लाको सदरमुकाम तानसेन हो । सदरमुकामवाट करिव ११/१२ की.मी पश्चिममा पर्ने भैरवस्थान र कसुमखोला श्रोतकन्द्र भित्रका ४ वटा मा.वि. हरूलाई यस अध्ययनकालागि छनोट गरिएको थियो । यी ४ वटा विद्यालयहरू मध्ये क्रमशः श्री आदर्श उ.मा.वि. को स्थापना २०१९ सालमा भएको थियो । यो विद्यालय देउराली गा.वि.स.को वार्ड.न. १ मा पर्दछ । यस विद्यालयमा मा.वि. तहसम्म १८ जना शिक्षकहरू र करिव ४१८ जना विद्यार्थीहरू रहेका छन् । श्री भवानी उ.मा.वि. को स्थापना २०१४ सालमा भएको थियो । यो विद्यालय कसुमखोला गा.वि.स. को वार्ड. न. ३ मा पर्दछ । यस विद्यालयमा मा.वि. तहसम्म २२ जना शिक्षकहरू र करिव २५६ जना विद्यार्थीहरू रहेका छन् । श्री सरस्वती उ.मा.वि. को स्थापना २००८ सालमा भएको थियो । यो विद्यालय खस्यौली गा.वि.स. को वार्ड.न. ८ मा पर्दछ । यस विद्यालयमा मा.वि. तहसम्म १९ जना शिक्षकहरू र करिव ३१६ जना विद्यार्थीहरू रहेका छन् । श्री भैरव जनता उ.मा.वि.को स्थापना २००८ सालमा भएको थियो । यो विद्यालय भैरवस्थान गा.वि.स.को वार्ड न. ३ मा पर्दछ । यस विद्यालयमा मा.वि. तहसम्म २४ जना शिक्षकहरू र करिव ६३८ जना विद्यार्थीहरू रहेका छन् । यी सबै विद्यालयहरू कक्षा १२ सम्म संचालनमा रहेका छन् । यी

विद्यालयहरूले यस भेगका बालबालिकाहरूमा आधारभूत शिक्षा प्रदान गर्न ठूलो योगदान पुऱ्याउदै आइरहेको छन् ।

## ४.२ शिक्षकको पृष्ठभूमि पहिचान

यस अध्ययन शीर्षक अन्तर्गत छनोटमा परेका माध्यमिक विद्यालय तहका कक्षा ९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शैक्षिक योग्यता, तालिम, कार्यानुभव, लिङ्ग, उमेर, जात र धर्मका आधारमा पृष्ठभूमिको पहिचान गर्न शिक्षकको व्यक्तिगत विवरण फारामको प्रयोग गरी सूचना संकलन गरिएको थियो । यसरी संकलित सूचनाहरूलाई निम्न अनुसार उप-शीर्षकहरूमा विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ शैक्षिक योग्यता र तालिमका आधारमा शिक्षकको अवस्था

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको शैक्षिक योग्यता र तालिमको अवस्था पहिचान गर्नका लागि शिक्षकको व्यक्तिगत विवरण फारामका माध्यमवाट सूचना संकलन गरिएको थियो । यसरी संकलन गरिएको सूचनालाई तलको तालिका नं. ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१ : शैक्षिक योग्यता र तालिमका आधारमा शिक्षकको अवस्था**

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | शिक्षण गर्ने विषय | शैक्षिक योग्यता | तालिम |
|---|---|---|---|---|---|
| १ | श्री आदर्श उ.मा.वि. देउराली, पाल्पा | १. श्री सम्भु प्र.अधिकारी<br>२. श्री नारायण ढकाल<br>३. श्री मोतिराम अधिकारी | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन | एम.ए./वि.एड<br>वि.एस्सी<br>वि.ए./वि.एड. | प्राप्त<br>प्राप्त<br>प्राप्त |
| २ | श्री भवानी उ.मा.वि., कुसुमखोला, पाल्पा | १. श्री रुद्र प्र. आचार्य<br>२. श्री विष्णु प्र. ज्ञवाली<br>३. श्री संजय आचार्य | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन | वि.एस्सी./एम.एड<br>वि.एस्सी/एम.एड.<br>एम.ए/वि.एड. | प्राप्त<br>प्राप्त<br>प्राप्त |
| ३ | श्री सरस्वती, उ.मा.वि., खस्यौली, पाल्पा | १. श्री ओमकान्त ज्ञवाली<br>२. श्री किशोर अर्याल<br>३. श्री रूपा रायमाझी | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन | एम.ए./वि.एड.<br>वि.एस्सी.<br>वि.ए. | प्राप्त<br>प्राप्त<br>अप्राप्त |
| ४ | श्री भैरव जनता उ.मा.वि., भैरवथान, पाल्पा | १. श्री चिरन्जीवी ज्ञवाली<br>२. श्री मधु पराजुली<br>३. श्री सुरेश प्र. गौतम | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन | एम.एड.<br>आइ.एस्सी.<br>एम.ए./वि.एड. | प्राप्ति<br>अप्राप्त<br>प्राप्त |

स्रोत स्थलगत सर्वेक्षण, २०६७।

माथिको तालिका नं. ४.१ मा छनोटमा परेका १२ जना शिक्षकहरू शैक्षिक योग्यता र तालिमको अवस्थालाई हेर्दा ७ जना शिक्षकहरूको सम्बन्धित तहका लागि न्यूनतम योग्यता भन्दा माथिल्लो तहको योग्यता रहेको, ४ जना शिक्षकहरूको सम्बन्धित तह अनुसारकै योग्यता रहेको र १ जना शिक्षकको सम्बन्धित तह भन्दा एक तह तलको योग्यता रहेको पाइयो । साथै शिक्षकहरूको तालिमको अवस्थालाई हेर्दा १२ जना शिक्षकहरू मध्ये १० जना शिक्षकहरू तालिम प्राप्त रहेको र २ जना शिक्षकहरू तालिम अप्राप्त रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, की १२ जना शिक्षकहरू मध्ये ११ जना शिक्षकहरूमा मा.वि. तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता रहेको भएता पनि १० जना शिक्षकहरू मात्र तालिम प्राप्त र १ जना शिक्षक तालिम अप्राप्त रहेको देखियो ।

त्यसैगरी १ जना शिक्षक मा.वि. तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह तलको शैक्षिक योग्यता रहेको र तालिम अप्राप्त रहेको देखियो । समग्रमा अधिकांश शिक्षकहरू सम्बन्धित तहको शैक्षिक योग्यता भएका र तालिम प्राप्त नै रहेका देखिन्छ ।

### ४.२.२ **कार्यानुभव वर्षका आधारमा विषय शिक्षकको अवस्था**

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको कार्यानुभव वर्षका आधारमा अवस्था पहिचान गर्न शिक्षकको व्यक्तिगत विवरण फारामको प्रयोग गरी सूचना संकलन गरिएको थियो । यसरी संकलन गरिएको सूचनालाई तलको तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२ : कार्यानुभव वर्षका आधारमा शिक्षकको अवस्था**

| **शिक्षकको कार्यानुभव वर्ष समूह** | **शिक्षक संख्या** | | | **जम्मा** |
|---|---|---|---|---|
| | **गणित** | **विज्ञान** | **सामाजिक अध्ययन** | |
| १–५ | १ | २ | १ | ४ |
| ५–१० | – | – | २ | २ |
| १०–१५ | १ | २ | – | ३ |
| १५–२० | – | – | – | – |
| २०–२५ | १ | – | – | १ |
| २५–३० | १ | – | – | १ |
| ३०–३५ | – | – | १ | १ |
| **जम्मा** | ४ | ४ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.२ मा छनोटमा परेका विषय शिक्षकहरूको कार्यानुभव वर्ष समूहको अवस्थालाई हेर्दा क्रमशः १-५ कार्यानुभव वर्ष समूहका गणित शिक्षक १ जना, विज्ञान शिक्षक २ जना र सामाजिक अध्ययन शिक्षक १ जना रहेको पाइयो । ५-१० कार्यानुभव वर्ष समूहका गणित र विज्ञान शिक्षक नभएको तथा सामाजिक अध्ययन शिक्षक २ जना रहेको पाइयो । १०-१५ कार्यानुभव वर्ष समूहका गणित शिक्षक १ जना, विज्ञान शिक्षकहरू २ जना रहेको पाइयो भने सामाजिक अध्ययन शिक्षक नरहेको पाइयो । १५-२० कार्यानुभव वर्ष समूहका शिक्षक नरहेको पाइयो । २०-२५ कार्यानुभव वर्ष समूहका गणित शिक्षक १ जना रहेको पाइयो, भने विज्ञान र सामाजिक अध्ययन शिक्षक नरहेको पाइयो । २५-३० कार्यानुभव वर्ष समूहका गणित शिक्षक १ जना रहेको पाइयो, भने विज्ञान र सामाजिक अध्ययन शिक्षक नरहेको पाइयो ।

३०-३५ कार्यानुभव वर्ष  समूहका गणित र विज्ञान शिक्षक नरहेको पाइयो, भने सामाजिक अध्ययन शिक्षक १ जना रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि सबैभन्दा बढी शिक्षकहरूको कार्यानुभव वर्ष १-५ भित्र पर्ने ४ जना शिक्षकहरू रहेको देखियो । १०-१५ कार्यानुभव वर्ष समूहका ३ जना शिक्षकहरू रहेको देखियो । ५-१० कार्यानुभव वर्ष समूहका २ जना शिक्षकहरू रहेबाट यो प्रष्ट हुन्छ, कि धेरैजसो शिक्षकहरूको कार्यानुभव वर्ष कम देखिन्छ, भने क्रमशः २०-२५, २५-३० र ३०-३५ कार्यानुभव वर्षका १, १ र १ शिक्षकहरू रहेको देखियो । जसबाट बढी कार्यानुभव वर्ष भएका शिक्षकको संख्या कम मात्र रहेको देखियो ।

### ४.२.३ लिङ्गका आधारमा शिक्षकको अवस्था

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका  विषय शिक्षकहरूको लैङ्गिक अवस्थालाई हेर्दा १२ जना शिक्षकहरूमध्ये ११ जना शिक्षकहरू पुरुष रहेको पाइयो, भने १ जना मात्र महिला शिक्षक रहेको पाइयो । यसबाट सहजै अनुमान गर्न सकिन्छ, की माध्यमिक विद्यालय तहमा पुरुष शिक्षकको तुलनामा महिला शिक्षिका न्यून रहेको पाइयो । यसको कारण समाजमा अझैपनि पितृसत्तात्मक सोच र रुढीवादी परम्पराले गर्दा महिलाहरूको शिक्षामा पहुँचको कमी रहेको छ ।

### ४.२.४ उमेरका आधारमा शिक्षकको अवस्था

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको उमेरका आधारमा अवस्था पहिचान गर्न शिक्षकको व्यक्तिगत विवरण फारामका माध्यमवाट संकलित सूचनाका आधारमा प्राप्त तथ्याङ्कलाई तलको तालिका नं. ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३ : उमेरका आधारमा शिक्षकको अवस्था**

| शिक्षकको उमेर समूह | शिक्षक संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | गणित | विज्ञान | सामाजिक अध्ययन | |
| २०-३० | १ | १ | १ | ३ |
| ३०-४० | १ | २ | २ | ५ |
| ४०-५० | २ | १ | - | ३ |
| ५०-६० | - | - | १ | १ |
| जम्मा | ४ | ४ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.३ मा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूको उमेरका आधारमा अवस्थालाई हेर्दा २०-३० वर्ष उमेर समूहका गणित शिक्षक १ जना, विज्ञान शिक्षक १ जना र सामाजिक अध्ययन विषयका शिक्षक १ जना रहेको पाइयो । ३०-४० वर्ष उमेर समूहका गणित शिक्षक १ जना, विज्ञान शिक्षकहरू २ जना र सामाजिक अध्ययन विषयका शिक्षकहरू २ जना रहेको पाइयो । ४०-५० वर्ष उमेर समूहका गणित शिक्षकहरू २ जना, विज्ञान शिक्षक १ जना र सामाजिक अध्ययन विषयका शिक्षक भने नरहेको पाइयो । त्यसैगरी ५०-६० वर्ष उमेर समूहका गणित र विज्ञान शिक्षक नरहेको पाइयो, भने  सामाजिक अध्ययन विषयका शिक्षक १ जना रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा  यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका १२ जना शिक्षकहरू मध्ये ३०-४० वर्ष उमेर समूहका ५ जना शिक्षकहरू, यसैगरी २०-३० र ४०-५० वर्ष उमेर समूहका ३/३ जना शिक्षकहरू रहेको देखियो र ५०-६० वर्ष उमेर समूहका १ जना मात्र शिक्षक रहेको देखियो । जसबाट यी विद्यालयहरूमा युवा उमेर समूहका शिक्षकहरूको संख्या बढी रहेको र वृद्ध उमेर समूहका शिक्षकहरूको संख्या न्यून रहेको स्पष्ट हुन्छ ।

### ४.२.५ जात र धर्मका आधारमा शिक्षकको अवस्था

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको जात र धर्मका आधारमा शिक्षकको अवस्था पहिचान गर्दा धर्मको आधारमा छनोटमा परेका सबै शिक्षकहरू हिन्दु धर्म मान्ने रहेको पाइयो । भने जातको आधारमा शिक्षकको अवस्था पहिचान गर्न शिक्षकको व्यक्तिगत विवरण फारामको माध्यमवाट संकलित सूचनाका आधारमा प्राप्त तथ्याङ्कहरूलाई तलको तालिका नं. ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४ : जातका आधारमा शिक्षकको अवस्था**

| **क्र.सं.** | **जात** | **शिक्षक संख्या** | | | **जम्मा** |
|---|---|---|---|---|---|
| | | **गणित** | **विज्ञान** | **सामाजिक अध्ययन** | |
| १ | **ब्राह्मण** | ४ | ४ | ३ | ११ |
| २ | **क्षेत्री** | – | – | १ | १ |
| ३ | **जनजाती** | – | – | – | – |
| ४ | **दलित** | – | – | – | – |
| | **जम्मा** | ४ | ४ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७।

माथिको तालिका नं. ४.४ मा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूको जातका आधारमा अवस्थालाई हेर्दा ब्राह्मण जातका गणित शिक्षकहरू ४ जना, विज्ञान शिक्षकहरू ४ जना र सामाजिक अध्ययन विषयका ३ जना शिक्षकहरू रहेको पाइयो, भने क्षेत्री जातका सामाजिक अध्ययन विषयका १ जना शिक्षक मात्र रहेको पाइयो । जनजाती र दलित जातिका कुनै पनि शिक्षक नरहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि जम्मा १२ जना शिक्षकहरू मध्ये ११ जना शिक्षकहरू ब्राह्मण र १ जना शिक्षक क्षेत्री रहेको देखियो । यसबाट यो प्रष्ट हुन्छ की अधिकांश मात्रामा ब्राह्मण, न्युन मात्रामा क्षेत्री र अन्य जातका शिक्षक नरहेको देखियो ।

## ४.३ शिक्षकको शिक्षण प्रतिको धारणा

यस अध्ययन शीर्षक अन्तर्गत छनोटमा परेका मा.वि. तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी सूचना संकलन गरिएको थियो । यो विधि अनुसार निर्माण गरिएका २१ वटा सकारात्मक र नकारात्मक वाक्यहरूमा शिक्षकहरूलाई पूर्ण सहमत, सहमत, अनिश्चित, असहमत र पूर्ण असहमतमा प्रतिक्रिया गर्न लगाएर सकारात्मक वाक्य भएमा पूर्ण सहमतदेखि पूर्ण असहमत सम्म क्रमशः ५, ४, ३, २ र १ अंक साथै नकारात्मक वाक्य भएमा पूर्ण असहमतदेखि पूर्ण सहमत सम्म क्रमशः ५, ४, ३, २ र १ अंक प्रदान गरी २१ वटा वाक्यहरूमा प्रत्येक शिक्षकले प्राप्त अंकको योगफललाई २१ ले भागगरी प्राप्त भागफलका आधारमा ३.५ देखि ५ अंक आएमा शिक्षकको शिक्षण प्रतिको धारणा सकारात्मक, २.५ देखि

३.५ सम्म अंक आएमा शिक्षकको शिक्षण प्रतिको धारणा तटस्थ र १ देखि २.५ सम्म अंक आएमा शिक्षकको शिक्षण प्रतिको धारणा नकारात्मक मानिएको छ । छनोटमा परेका विषय शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी तयार गरिएको वाक्यांशहरूमा शिक्षकहरूको प्रतिक्रियाका आधारमा प्राप्त अंक सम्बन्धी विवरण अनुसूची नं. ५ मा राखिएको छ । शिक्षकहरूको विषयगत, शैक्षिक योग्यता, तालिम, कार्यानुभव, उमेर र जातका आधारमा शिक्षण प्रतिको धारणालाई तलका उप-शीर्षकहरूमा विश्लेषण तथा व्याख्या गरिएको छ ।

### ४.३.१ विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको विषयगत आधारमा शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरि संकलन गरिएका सूचनाहरूलाई तलको तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.५ : विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| क्र.सं. | जात | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा |
|---|---|---|---|---|---|
| | | सकारात्मक | तटस्थ | नकारात्मक | शिक्षक संख्या |
| १ | गणित | ४ | – | – | ४ |
| २ | विज्ञान | ३ | १ | – | ४ |
| ३ | सामाजिक अध्ययन | ४ | – | – | ४ |
| | जम्मा | ११ | १ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.५ मा विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा विश्लेषण गर्दा गणित विषयका जम्मा ४ जना शिक्षकहरू मध्ये सबै शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । विज्ञान विषयका जम्मा ४ जना शिक्षकहरूमध्ये ३ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । त्यसैगरी सामाजिक अध्ययन विषयका जम्मा ४ जना शिक्षकहरू मध्ये सबै शिक्षकहरूको शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये ११ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको देखियो, १

जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो, भने शिक्षण प्रति नकारात्मक धारणा कुनै पनि शिक्षकमा नरहेको देखियो ।

### ४.३.२ शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको शैक्षिक योग्यताको आधारमा शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरि संकलन गरिएका सूचनाहरूलाई तलको तालिका नं. ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६ : शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| क्र.सं. | जात | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा |
|---|---|---|---|---|---|
| | | सकारात्मक | तटस्थ | नकारात्मक | शिक्षक संख्या |
| १ | प्रविणता प्रमाणपत्र तह | १ | – | – | १ |
| २ | स्नातक तह | ३ | १ | – | ४ |
| ३ | स्नातकोर तह | ७ | – | – | ७ |
| | जम्मा | ११ | १ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तलिका नं. ४.६ मा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूको शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षणप्रति धारणा विश्लेषण गर्दा प्रविणता प्रमाण पत्र तहसम्मको शैक्षिक योग्यता भएका १ जना मात्र शिक्षकमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । स्नातक तह सम्मको शैक्षिक योग्यता भएका ४ जना शिक्षकहरू मध्ये ३ जना शिक्षकहरूमा शिक्षण प्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । स्नातकोत्तर तह सम्मको शैक्षिक योग्यता भएका ७ जना शिक्षकहरू सबैमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये ११ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो, भने शिक्षणप्रति नकारात्मक धारणा कुनै पनि शिक्षकमा नरहेको देखियो ।

### ४.३.३ तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको तालिमका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी संकलन गरिएका सूचनाहरूलाई तलको तालिका नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.७ : तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| क्र.सं. | तालिम | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा |
|---|---|---|---|---|---|
| | | सकारात्मक | तटस्थ | नकारात्मक | शिक्षक संख्या |
| १ | प्राप्त | ९ | १ | – | १० |
| २ | अप्राप्त | २ | – | – | २ |
| | जम्मा | ११ | १ | – | १२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७।

माथिको तालिका नं. ४.७ मा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूको तालिमका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा विश्लेषण गर्दा तालिम प्राप्त १० जना शिक्षकहरू मध्ये ९ जना शिक्षकहरूमा शिक्षण प्रतिको धारणा सकारात्मक रहेको पाइयो, भने १ जना शिक्षकमा शिक्षण प्रतिको धारणा तटस्थ रहेको पाइयो । यसैगरी तालिम अप्राप्त २ जना शिक्षकहरूमा २ जना शिक्षकहरूको नै शिक्षण प्रतिको धारणा सकारात्मक रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि तालिम प्राप्त १० जना शिक्षकहरू र तालिम अप्राप्त २ जना शिक्षकहरू मध्ये तालिम प्राप्त ९ जना शिक्षकहरू र तालिम अप्राप्त २ जना शिक्षकहरू गरी जम्मा ११ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा देखियो, भने तालिम प्राप्त शिक्षकहरू मध्ये १ जना शिक्षकहरूमा मात्र शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो, भने शिक्षण प्रति नकारात्मक धारणा कुनै पनि शिक्षकमा नरहेको देखियो । यस अर्थमा अधिकांश शिक्षकहरूमा शिक्षणप्रति दृष्टिकोण सकारात्मक रहेको पाइन्छ ।

### ४.३.४ कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको कार्यानुभव वर्षको आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरि संकलन गरिएका सूचनाहरूलाई तलको तालिका नं. ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : कार्यानुभवको आधारमा शिक्षकको शिक्षण प्रति धारणा**

| कार्यानुभव वर्ष समूह | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|
| | सकारात्मक | तटस्थ | नकारात्मक | |
| १–५ | ४ | – | – | ४ |
| ५–१० | २ | – | – | २ |
| १०–१५ | २ | १ | – | ३ |
| १५–२० | – | – | – | – |
| २०–२५ | १ | – | – | १ |
| २५–३० | १ | – | – | १ |
| ३०–३५ | १ | – | – | १ |
| जम्मा | ११ | १ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.८ मा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूको कार्यानुभव वर्षको आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा विश्लेषण गर्दा १-५ कार्यानुभव वर्ष समूहका ४ जना शिक्षकहरू मध्ये ४ जना शिक्षकहरूमा नै शिक्षण प्रतिको धारणा सकारात्मक रहेको पाइयो । ५-१० कार्यानुभव वर्ष समूहका २ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूमा नै शिक्षण प्रतिको धारणा सकारात्मक रहेको पाइयो । १०-१५ कार्यानुभव वर्षसमूहका ३ जना शिक्षकहरूमध्ये २ जना शिक्षकहरूमा शिक्षण प्रतिको धारणा सकारात्मक र १ जना शिक्षकमा शिक्षण प्रतिको धारणा तटस्थ रहेको पाइयो । १५-२० कार्यानुभव वर्ष समूहका शिक्षक नरहेको पाइयो । त्यसैगरी २०-२५, २५-३० र ३०-३५ कार्यानुभव वर्ष समूहका क्रमशः १, १ र १ जना शिक्षकमा शिक्षण प्रतिको धारणा सकारात्मक रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये भिन्न-भिन्न कार्यानुभव वर्ष समूहका ११ जना शिक्षकहरूमा शिक्षण प्रतिको धारणा सकारात्मक रहेको देखियो र १०-१५ कार्यानुभव वर्ष समूहका १ जना शिक्षकमा शिक्षण प्रतिको धारणा तटस्थ देखियो, भने शिक्षण प्रति नकारात्मक धारणा कुनै पनि शिक्षकमा नरहेको देखियो ।

### ४.३.५ उमेरका आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूको उमेरका आधारमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरि संकलन गरिएका सूचनाहरूलाई तलको तालिका नं. ४.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका** नं. ४.९ : **उमेरका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| उमेर समूह | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|
| | सकारात्मक | तटस्थ | नकारात्मक | |
| २०-३० | ३ | - | - | ३ |
| ३०-४० | ५ | - | - | ५ |
| ४०-५० | २ | १ | - | ३ |
| ५०-६० | १ | - | - | १ |
| **जम्मा** | ११ | १ | - | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.९ मा छनोटमा परेका १२ जना शिक्षकहरूको उमेरका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा विश्लेषण गर्दा २०-३० उमेर समूहका ३ जना शिक्षकहरू मध्ये ३ जना शिक्षकहरूमा नै शिक्षण प्रतिको धारणा सकारात्मक रहेको पाइयो । ३०-४० उमेर समूहका ५ जना शिक्षकहरू मध्ये ५ जना शिक्षकहरूमा नै शिक्षण प्रतिको धारणा सकारात्मक रहेको पाइयो । ४०-५० उमेर समूहका ३ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूमा शिक्षण प्रतिको धारणा तटस्थ रहेको पाइयो । ५०-६० उमेर समूहका १ जना शिक्षकमा शिक्षण प्रतिको धारणा सकारात्मक रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि छनोटमा परेका १२ जना शिक्षकहरू मध्ये विभिन्न उमेर समूहका ११ जना शिक्षकहरूमा शिक्षण प्रतिको धारणा सकारात्मक देखियो र ४० देखि ५० वर्ष उमेर  समूहका १ जना शिक्षकमा शिक्षण प्रतिको धारणा तटस्थ रहेको देखियो, भने शिक्षण प्रति नकारात्मक धारणा कुनै पनि शिक्षकमा नरहेको देखियो ।

### ४.३.६ जातका आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषयका जम्मा १२ जना शिक्षकहरूको जातका आधारमा शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरि संकलन गरिएका सूचनालाई तलको तालिका नं. ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका** नं. ४.१० **: जातका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| **क्र.सं.** | **जात** | **शिक्षकको शिक्षणप्रति धारणा** | | | **जम्मा** |
|---|---|---|---|---|---|
| | | **सकारात्मक** | **तटस्थ** | **नकारात्मक** | **शिक्षक संख्या** |
| १ | **ब्राह्मण** | १० | १ | – | ११ |
| २ | **क्षेत्री** | १ | – | – | १ |
| ३ | **जनजाती** | – | – | – | – |
| ४ | **दलित** | – | – | – | – |
| | **जम्मा** | ११ | १ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.१० मा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूको जातका आधारमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा विश्लेषण गर्दा ११ जना शिक्षकहरू ब्राह्मण जातका रहेका छन्, यी मध्ये १० जना शिक्षकहरू को शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकहरूको शिक्षण प्रति तटस्थ धारणा रहेको पाइयो । यसैगरी क्षेत्री जातका १ जना शिक्षकमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये १० जना ब्राह्मण र १ जना क्षेत्री जातका शिक्षकमा शिक्षणप्रति सकारात्मक धारणा रहेको देखियो । र १ जना ब्राह्मण जातका शिक्षकमा मात्र शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो । तर कुनै पनि शिक्षकमा शिक्षणप्रति नकारात्मक धारणा नरहेको देखियो । यस अध्ययनमा जनजाति तथा दलित शिक्षकहरूको सहभागिता नरहेकोले उक्त जातका शिक्षकहरूको शिक्षण प्रतिको धारणा प्राप्त हुन सकेन ।

## ४.४ शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था

यस अध्ययन शीर्षक अन्तर्गत छनोटमा परेका मा.वि. तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउन शिक्षकहरूलाई अन्तर्वार्ता, कक्षा अवलोकन र विद्यार्थीहरूलाई लक्षित

समूह छलफल गरी सूचना तथा तथ्याङ्कलाई संकलन गरिएको थियो । यसरी संकलन गरिएको सूचना तथा तथ्याङ्कलाई तलका उप-शीर्षकहरूमा राखि विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.४.१ शिक्षकले शिक्षण गर्दा विषयवस्तु तयारीको अवस्था

यस उप-शीर्षक अन्तर्गत शिक्षकले कक्षा शिक्षण गर्दा पाठको विषयवस्तु अनुसार निर्देशिकाको प्रयोग, पाठयोजनाको निर्माण तथा प्रयोग गरिराखेका छन् वा छैनन् ? भन्ने बारेमा संकलन गरिएका सुचनालाई तलका सब उपशीर्षकहरूमा राखी विश्लेषण र व्याख्या गरिएको छ ।

#### ४.४.१.१ शिक्षक निर्देशिका प्रयोगको अवस्था

यस सब-उपशीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूले शिक्षण गर्दा विषयको विषयवस्तु अनुसार शिक्षण निर्देशिकाको अध्ययन तथा प्रयोग के कसरी गरिराखेका छन् ? भन्ने बारेमा यस अध्ययनका लागि छनोट गरिएका विषय शिक्षकहरूबाट संकलित सूचनाहरूलाई तालिका नं. ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.११ : शिक्षक निर्देशिका प्रयोगको अवस्था**

| क्र.सं. | विषय | शिक्षक निर्देशिकाको प्रयोग | | | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|---|
| | | सधै गर्ने | कहिलेकाही गर्ने | नगर्ने | |
| १ | गणित | - | ३ | १ | ४ |
| २ | विज्ञान | २ | १ | १ | ४ |
| ३ | सामाजिक अध्ययन | २ | २ | - | ४ |
| | जम्मा | ४ | ६ | २ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.११ मा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूमा गणित विषयका ४ जना शिक्षकहरू मध्ये ३ जना शिक्षकहरूले मात्र शिक्षक निर्देशिकाको प्रयोग गर्ने र १ जना शिक्षकले नगर्ने गरेको पाइयो । विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग सधै गर्ने, १ जना शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग कहिले काही गर्ने र १ जना शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग नगर्ने गरेको पाइयो । सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरू निर्देशिकाको प्रयोग सधै गर्ने र २ जना शिक्षकले शिक्षण निर्देशिकाको प्रयोग कहिलेकाही गर्ने गरेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये ४ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग सधै गर्ने ६ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग कहिलेकाही गर्ने र २ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग नगर्ने गरेको देखियो । उक्त सूचनाहरू शिक्षकसँगको अन्तर्वार्ताबाट प्राप्त भएको छ ।

### ४.४.१.२ **पाठयोजना निर्माणको अवस्था**

यस सब उपशीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूले पाठयोजना निर्माण गर्ने/नगर्ने सम्बन्धी अवस्था पहिचान गर्न शिक्षकको अन्तर्वार्ताबाट प्राप्त सूचनाहरूलाई तलको तालिका नं. ४.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका** नं. ४.१२ : **पाठयोजना निर्माणको अवस्था**

| **क्र.सं.** | **विषय** | **पाठयोजना निर्माण** | | | **जम्मा शिक्षक संख्या** |
|---|---|---|---|---|---|
| | | **सधै गर्ने** | **कहिलेकाही गर्ने** | **नगर्ने** | |
| १ | **गणित** | १ | १ | २ | ४ |
| २ | **विज्ञान** | १ | २ | १ | ४ |
| ३ | **सामाजिक अध्ययन** | १ | २ | १ | ४ |
| | **जम्मा** | ३ | ५ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.१२ मा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूमा गणित विषयका ४ जना शिक्षकहरू मध्ये पाठयोजना निर्माण गर्ने १ जना, कहिलेकाही गर्ने १ जना र नगर्ने २ जना शिक्षकहरू रहेको पाइयो । विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये पाठयोजना निर्माण गर्ने १ जना, कहिलेकाही गर्ने २ जना र नगर्ने १ जना शिक्षक रहेको पाइयो । र सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये पाठयोजना निर्माण गर्ने १ जना, कहिलेकाही गर्ने २ जना र नगर्ने १ जना शिक्षक रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये पाठयोजनाको निर्माण सधै गर्ने ३ जना, कहिलेकाही गर्ने ५ जना र नगर्ने ४ जना शिक्षकहरू रहेको देखियो । शिक्षकको अन्तर्वार्ताबाट उल्लेखित निष्कर्ष देखिए तापनि शिक्षकको कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकले लिखित रूपमा दैनिक पाठयोजना निर्माण

नगर्ने र मानसिक रूपमा तथा बुदागत रूपमा मात्र कक्षा शिक्षणका लागि तयारी भएको अनुमान लगाउन सकिन्छ ।

### ४.४.२ शिक्षकले शिक्षण गर्दा कक्षाकोठा व्यवस्थापनको अवस्था

पाठ्यक्रमले तोकेको उद्देश्य प्राप्तिका लागि कक्षाकोठामा गरिने व्यवस्था र क्रियाकलापलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन कक्षाकोठाको व्यवस्थापन गर्नु जरुरी हुन्छ । विशेष गरेर शिक्षकले कक्षाकोठा व्यवस्थापन गर्दा कक्षाकोठाको भौतिक व्यवस्था, कक्षाकोठाको सरसफाई, फर्निचरको व्यवस्था, कालोपाटी, शैक्षिक सामग्रीको व्यवस्था, पाठको विषयवस्तु अनुसार कक्षाकोठा व्यवस्थापन तथा शैक्षिक अनुशासनमा ध्यान दिइनुपर्दछ । तव मात्र शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी ढंगले सम्पन्न गर्न सकिन्छ । तसर्थ यस उप-शिर्षकमा शिक्षकले कक्षा शिक्षणका क्रममा कक्षाकोठाको व्यवस्थापन कसरी गरिराखेको छ ? भन्ने वारेमा शिक्षकको अन्तर्वार्ता तथा कक्षा अवलोकनवाट र विद्यार्थीसँग लक्षित समूह छलफल गरी सूचनाहरू संकलन गरिएको थियो । यसरी प्राप्त भएको सूचना विश्लेषण गरी व्याख्या गर्दा छनोटमा परेका ४ वटै विद्यालयका कक्षाकोठाहरू उपयुक्त हावा र प्रकाश भएको, झ्याल ढोका विद्यार्थीको संख्यामा उपयुक्त रहेको पाइयो । साथै कक्षाकोठाको वरिपरी सरसफाई राम्रो रहेको पाइयो । यी ४ वटै विद्यालय बाटोको छेउमा भएका कारण यातायातका साधनवाट हुने कोलाहललाई विद्यालयले सामना गर्नुपरेको पाइयो । विद्यार्थीहरूले प्रत्येक हप्ताको २ पटक आफ्नो कक्षाकोठा सफागर्ने गरेको पाइयो । यी विद्यालयहरूमा विद्यार्थीको अनुपातमा वेन्च, डेस्क, रहेतापनि दराज, टेवल, कुर्सी भने प्रयाप्त नरहेको पाइयो । यी विद्यालयहरूमा कक्षाकोठामा कालोपाटीको उपयुक्त आकार र सवै विद्यार्थीले देख्ने गरी ठिक ठाउँमा राखेको पाइयो । विद्यालयहरूमा कक्षाकोठाहरू प्रयाप्त रहेको भएता पनि पाठको विषयवस्तु, अनुसार कुनै पनि विषयका शिक्षकले कक्षा व्यवस्थापन गरेको कमै मात्र पाइयो । यी विद्यालयहरूमा कक्षाकोठामा छात्र/छात्राहरूलाई दुई लाइनमा वसाली क्रमैसँग प्रत्येक दिन प्रत्येक बेन्चका विद्यार्थीहरूलाई पालो पालो गरी अगाडि र पछाडि वसाउने गरेको पाइयो, भने विशेष किसिमका छात्र छात्राहरूलाई शैक्षिक सत्रको सुरुवातमा नै कक्षाकोठाको अघिल्लो बेन्चहरूमा वसाल्ने गरेको पाइयो ।

छनोटमा परेका विद्यालयहरूमा कक्षाकोठाको व्यवस्थापनलाई समग्रमा हेर्दा शिक्षकले पाठको विषयवस्तु अनुसार यू आकारको, भी आकारको, अर्धगोलाकार बसाई नबसाली परम्परागत रुपमा समतलीय बसाइ बसाल्ने गरेको पाइयो । यसरी कक्षा शिक्षणको क्रममा परम्परागत किसिमको वसाइ वसाली शिक्षकले शिक्षण गर्ने गरेको कारणले गर्दा सवै ज्ञान, क्षमता, स्तर र विशेषता भएका छात्र/छात्राहरूलाइ शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय रुपमा

सहभागी वनाई प्रभावकारी शिक्षण गर्न नसकेको भएता पनि शिक्षकले कक्षाकोठाको  सरसफाई र शैक्षिक अनुशासन कायम गर्न प्रयत्न गरेको पाइयो ।

### ४.४.३ शिक्षकले कक्षा शिक्षण गर्दा पाठको सुरुवात

यस अध्ययनका लागि छनोटमा परेका विषय शिक्षकहरूले कक्षामा शिक्षण गर्दा पाठको सुरुवात गर्ने तरिका बारे शिक्षकको अन्तर्वार्ता र कक्षाकोठा अवलोकनबाट प्राप्त सूचनाहरूलाई तालिका नं. ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१३ : शिक्षकले कक्षा शिक्षण गर्दा पाठको सुरूवात**

| क्र.सं. | पाठको सुरूवात | शिक्षक | | | जम्मा |
|---|---|---|---|---|---|
| | | गणित | विज्ञान | सामाजिक | |
| १ | पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीलाई हल्ला नगर्न भनेर | १ | १ | – | २ |
| २ | उखान, टुक्का, चुट्किला भनेर | – | – | – | – |
| ३ | पाठको विषयवस्तुमा सिधै प्रवेश गरेर | २ | – | – | २ |
| ४ | पूर्वपाठसँग सम्बन्ध जोडेर पाठ शिक्षण गर्ने | १ | २ | २ | ५ |
| ५ | पाठको शीर्षकसँग मिल्ने घटना विषयवस्तु तथा उदाहरण दिँदै | – | १ | २ | ३ |
| | जम्मा | ४ | ४ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.१३ मा छनोटमा परेका विषय शिक्षकहरूले कक्षा शिक्षण गर्दा पाठको सुरुवात गर्दा अपनाउने तरिकाबारे विश्लेषण गर्दा गणित विषयका ४ जना शिक्षकहरू मध्ये सिधै पढाउने विषयवस्तुमा प्रवेश गरेर पाठको सुरुवात गर्ने शिक्षकहरू २ जना, पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीलाई हल्ला नगर्न भनेर पाठको सुरुवात गर्ने शिक्षक १ जना र पूर्वपाठसँग सम्बन्ध जोडेर नयाँ शिक्षण गर्ने पाठको सुरुवात गर्ने शिक्षक १ जना रहेको पाइयो । विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये पूर्वपाठसँग सम्बन्ध जोडेर नयाँ शिक्षण गर्ने पाठको सुरुवात गर्ने शिक्षक २ जना, पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीलाई हल्ला नगर्न भनेर पाठको सुरुवात गर्ने शिक्षक १ जना र पाठको शीर्षकसँग मिल्ने घटना, विषयवस्तु तथा उदाहरण दिँदै पाठको सुरुवात गर्ने शिक्षक १ जना रहेको पाइयो । सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये पूर्वपाठसँग सम्बन्ध जोडेर नयाँ शिक्षण गर्ने पाठको सुरुवात गर्ने शिक्षकहरू २ जना र पाठको शीर्षकसँग मिल्ने घटना, विषयवस्तु तथा उदाहरण दिँदै पाठको सुरुवात गर्ने शिक्षकहरू २ जना रहेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ की छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये पूर्व पाठसँग सम्बन्ध जोडेर नयाँ शिक्षण गर्ने पाठको सुरुवात गर्ने शिक्षकहरू ५ जना, पाठको शीर्षकसँग मिल्ने घटना, विषयवस्तु तथा उदाहरण दिँदै पाठको सुरुवात गर्ने शिक्षकहरू ३ जना, सिधै पढाउने विषयवस्तुमा प्रवेश गरेर पाठको सुरुवात गर्ने शिक्षकहरू २ जना र पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीलाई हल्ला नगर्न भनेर पाठको सुरुवात गर्ने शिक्षकहरू २ जना रहेको देखियो ।

### ४.४.४ शिक्षकले शिक्षण गर्दा शिक्षण विधि प्रयोगको अवस्था

शिक्षण सिकाइ क्रियाकलाप पाठ्क्रमले तोकेको उद्देश्य अनुसार  प्रभावकारी ढंगले सम्पन्न गर्ने महत्पूर्ण माध्यम भनेको शिक्षण विधि हो । शिक्षकले शिक्षण गर्दा पाठको विषयवस्तु तथा प्रकृति अनुसार शिक्षण विधिको प्रयोग गरी शिक्षण गर्नु आवश्यक हुन्छ । तसर्थ यस अध्ययन उपशीर्षकमा छनोटमा परेका विषय शिक्षकहरूले कक्षा शिक्षण अभ्यासका क्रममा प्रयोग गर्ने शिक्षण विधिको वारेमा शिक्षकको अन्तर्वार्ता, विद्यार्थीको लक्षित समूह छलफल र कक्षा अवलोकनबाट संकलित सूचनालाई तलको तालिका नं. ४.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१४ : शिक्षकले कक्षा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरू**

| **क्र.सं.** | **शिक्षक विधिहरू** | **प्रयोग गर्ने शिक्षक संख्या** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **शिक्षकको भनाइ अनुसार** | | | **विद्यार्थीको भनाइ अनुसार** | | | **कक्षा अवलोकन गर्दा** | | |
| | | **ग.** | **वि.** | **सा.** | **ग.** | **वि.** | **सा.** | **ग.** | **वि.** | **सा.** |
| १ | **व्याख्यान विधि** | १ | ३ | ३ | – | ४ | ४ | – | ४ | ४ |
| २ | **प्रश्नोत्तर विधि** | १ | १ | १ | ४ | ४ | ३ | ४ | ४ | ४ |
| ३ | **छलफल विधि** | ३ | २ | ४ | – | ४ | – | – | – | १ |
| ४ | **प्रदर्शन विधि** | २ | १ | १ | २ | – | – | – | – | – |
| ५ | **स्थल भ्रमण विधि** | १ | १ | १ | – | – | – | – | – | – |
| ६ | **प्रयोगात्मक विधि** | २ | ४ | – | ४ | ४ | – | – | १ | – |
| ७ | **समस्या समाधान विधि** | ४ | २ | २ | ४ | २ | ४ | ४ | २ | – |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

संकेत : ग. - गणित, वि. - विज्ञान, सा. - सामाजिक अध्ययन

माथिको तालिका नं.४.१४ मा छनोटमा परेका विषय शिक्षकहरूले शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरूको अवस्थालाई हेर्दा गणित विषयका जम्मा ४ जना शिक्षकहरू मध्ये व्याख्यान विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार १ जना शिक्षकले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार कुनै शिक्षकले पनि प्रयोग नगर्ने र कक्षा अवलोकन गर्दा पनि कुनै शिक्षकले प्रयोग नगरेको पाइयो । प्रश्नोत्तर विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार १ जना शिक्षकले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा पनि ४ जना शिक्षकरूले नै प्रयोग गरेको पाइयो । छलफल विधि

सम्वन्धमा शिक्षकको भनाइ अनुसार ३ जना शिक्षकहरूले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार कुनै शिक्षकले पनि प्रयोग नगर्ने र कक्षा अवलोकन गर्दा पनि कुनै शिक्षकले प्रयोग नगरेको पाइयो । प्रदर्शन विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार २ जना शिक्षकहरूले प्रयोग गर्ने, विद्यार्थीको भनाइ अनुसार पनि २ जना शिक्षकहरूले नै प्रयोग गर्ने भने तापनि कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । स्थल भ्रमण विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार १ जना शिक्षकले प्रयोग गर्ने, विद्यार्थीको भनाइ अनुसार पनि १ जना शिक्षकले नै प्रयोग गर्ने भने तापनि कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । प्रयोगात्मक विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार २ जना शिक्षकहरूले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा भने कुनै पनि शिक्षकले प्रयोग नगर्ने गरेको पाइयो । र समस्या समाधान विधि सम्वन्धमा भने शिक्षकको भनाइ अनुसार, विद्यार्थीको भनाइ अनुसार र कक्षा अवलोकन गर्दा पनि ४ जना शिक्षकहरूले नै प्रयोग गरेको पाइयो ।

विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये व्याख्यान विधि सम्वन्धमा शिक्षकको अनुसार ३ जना शिक्षकहरूले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार ४ जना शिक्षकहरूले प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा पनि ४ जना शिक्षकहरूले नै प्रयोग गरेको पाइयो । प्रश्नोत्तर विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार १ जना शिक्षकले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा पनि ४ जना शिक्षकहरूले नै प्रयोग गरेको पाइयो । छलफल विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार २ जना शिक्षकहरूले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा भने कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । प्रदर्शन विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार १ जना शिक्षकले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार र कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । स्थल भ्रमण विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार १ जना शिक्षकले प्रयोग गर्ने भने तापनि विद्यार्थीका भनाइ अनुसार र कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । प्रयोगात्मक विधि सम्वन्धमा शिक्षकको भनाइ अनुसार ४ जना शिक्षकहरूको प्रयोग गर्ने, विद्यार्थीका भनाइ अनुसार पनि ४ जना शिक्षकले प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा १ जना शिक्षकले प्रयोग गर्ने गरेको पाइयो । समस्या समाधान विधि सम्वन्धमा भने शिक्षकको भनाइ अनुसार, विद्यार्थीको भनाइ अनुसार र कक्षा अवलोकन गर्दा पनि ४ जना शिक्षकहरूले नै प्रयोग गरेको पाइयो ।

सामाजिक विषयका ४ जना शिक्षकहरू मध्ये व्याख्यान विधि सम्बन्धमा शिक्षकको भनाइ अनुसार ३ जना शिक्षकहरूले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा पनि ४ जना शिक्षकले नै प्रयोग गरेको

पाइयो । प्रश्नोत्तर विधि सम्बन्धमा शिक्षकको भनाइ अनुसार १ जना शिक्षकले प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार ३ जना शिक्षकहरूले प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा ४ जना शिक्षकहरूले नै प्रयोग गरेको पाइयो । छलफल विधि सम्बन्धमा शिक्षकको भनाइ अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने भने तापनि विद्यार्थीको भनाइ अनुसार कुनै पनि शिक्षकले प्रयोग नगर्ने र कक्षा अवलोकन गर्दा १ जना शिक्षकले मात्र प्रयोग गरेको पाइयो । प्रदर्शन विधि सम्बन्धमा शिक्षकको भनाइ अनुसार १ जना शिक्षकले प्रयोग गर्ने, विद्यार्थीको भनाइ अनुसार र कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । प्रयोगात्मक विधि सम्बन्धमा शिक्षकको भनाइ अनुसार, विद्यार्थीको भनाइ अनुसार र कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । समस्या समाधान विधि सम्बन्धमा शिक्षकको भनाइ अनुसार ४ जना शिक्षकहरूले प्रयोग गर्ने, विद्यार्थीहरूको भनाइ अनुसार पनि ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने र कक्षा अवलोकन गर्दा भने कुनै शिक्षकले पनि प्रयोग नगरेको पाइयो । यसरी शिक्षकले उपयुक्त विधि प्रयोग गरेको भने तापनि वास्तवमा थोरै कम वा विरल्लै शिक्षकले मात्र उपयुक्त विधिको प्रयोग गरेको निष्कर्ष निकाल्न सकिन्छ ।

यस अध्ययनमा छनोटमा परेका माध्यमिक विद्यालय तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका विषय शिक्षकहरूले कक्षा शिक्षणका क्रममा पाठको विषयवस्तु अनुसार प्रयोग गर्ने गरेको शिक्षण विधि सम्बन्धी उदाहरणहरूलाई प्रस्तुत गर्दा एक जना गणित विषयका शिक्षकले गणित विषयको एकाइ-सातमा “प्रिज्मको सतहको क्षेत्रफल तथा आयतन” पाठ शिक्षण गर्दा व्याख्यान विधि र समस्या समाधान विधिको प्रयोग गरेको पाइयो । शिक्षकले शिक्षणकार्यको सुरुमा प्रिज्मसम्बन्धी परिचय दिँदा व्याख्यान विधि र प्रिज्मको सतहको क्षेत्रफल तथा आयतनसम्बन्धी हिसाव बनाउँदा समस्या समाधान विधिको प्रयोग गरेको पाइयो ।  यसैगरी विज्ञान विषयका एक जना शिक्षकले एकाइ-२४ मा “ब्रह्माण्ड र सौर्य परिवार” पाठ शिक्षण गर्दा कालो पाटीमा व्रह्माण्ड र सौर्य परिवारको चित्र कोरी व्याख्यान विधिको प्रयोग गरी शिक्षण गरेको पाइयो । र सामाजिक अध्ययन विषयका एक जना शिक्षकले एकाई आठमा “उद्योग विकासका समस्या र समाधान” पाठ शिक्षण गर्दा व्याख्यान विधिको प्रयोग गरी पाठसम्बन्धी विषयवस्तुलाई विद्यार्थीहरूले बुझ्ने तरिकाले उदाहरण प्रस्तुत गरी शिक्षण गरेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि छनोटमा परेका विषयका जम्मा १२ जना शिक्षकहरूमा गणित विषयका ४ जना शिक्षकहरू मध्ये ४ जना शिक्षक हरूले नै समस्या समाधान विधि र प्रश्नोत्तर विधिको प्रयोग गरेको देखियो । यसै गरी विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये ४ जना शिक्षकहरू मध्ये ४ जना शिक्षकहरूले नै व्याख्यान विधि र प्रश्नोत्तर विधि प्रयोग गरेको देखियो । र सामाजिक अध्ययन विषयययका ४ जना शिक्षकहरू

मध्ये ४ जना शिक्षकहरूले नै व्याख्यान विधि र प्रश्नोत्तर विधि प्रयोग गरेको देखियो । कहिलेकाही मात्र यी विषयका शिक्षकहरूले प्रयोगात्मक विधि, छलफल विधिको प्रयोग गरेको देखियो ।

### ४.४.५ शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्री प्रयोगको अवस्था

यस अध्ययन उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूले कक्षा शिक्षणको क्रममा के-कस्ता शिक्षण सामग्रीहरू प्रयोग गर्दछन् ? भन्ने बारेमा सूचना संकलन गर्दा गणित विषयमा शिक्षकहरूले ग्राफ चार्ट, रेखागणितीय औजार आदिको प्रयोग गर्ने गरेको पाइयो । विज्ञान विषयका शिक्षकहरूले चार्ट, चित्र, रासायनिक विज्ञानका प्रयोगात्मक सामग्री, प्रिज्म आदिको प्रयोग गर्ने गरेको पाइयो र सामाजिक अध्ययन विषयका शिक्षकहरूले चार्ट, ग्लोव, नक्सा, चित्र, पत्रपत्रिका आदिको प्रयोग गर्ने गरेको पाइयो । यसैगरी शिक्षकहरूले शिक्षण गर्ने क्रममा शिक्षण सामग्रीहरूको निरन्तर प्रयोग कति गरिराखेका छन् ? भन्ने वारेमा शिक्षक, विद्यार्थी र कक्षा अवलोकनका माध्यमवाट संकलन गरिएको सूचनालाई तलको तालिका नं. ४.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१५ : शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्री प्रयोग**

| क्र.सं. | विषय | जम्मा शिक्षक संख्या | प्रयोग गर्ने शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | शिक्षकको भनाइ अनुसार | | विद्यार्थीको भनाइ अनुसार | | कक्षा अवलोकन गर्दा | |
| | | | सधै | कहिलेकाही | सधै | कहिलेकाही | सधै | कहिलेकाही |
| १ | गणित | ४ | १ | ३ | – | ४ | – | ४ |
| २ | विज्ञान | ४ | ३ | १ | – | ४ | – | ४ |
| ३ | सामाजिक अध्ययन | ४ | २ | २ | – | ४ | – | ४ |
| | जम्मा | १२ | ६ | ६ | – | १२ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.१५ मा शिक्षकले शिक्षण गर्ने गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूले शिक्षण सामग्रीको प्रयोग नियमित रूपले गर्छन वा गर्दैनन ? भन्ने वारेमा विश्लेषण गरेर हेर्दा गणित विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकको भनाइ अनुसार शिक्षण सामग्रीको प्रयोग सधै गर्ने १ जना र कहिलेकाही गर्ने ३ जना शिक्षकहरू रहेको पाइयो । विद्यार्थीको भनाइ अनुसार शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र

कहिलेकाही ४ जना शिक्षकहरूले नै गर्ने गरेको पाइयो । कक्षा अवलोकन गर्दा शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै गर्ने गरेको पाइयो । विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकको भनाइ अनुसार शिक्षण सामग्रीको प्रयोग सधै गर्ने ३ जना शिक्षकहरू र कहिलेकाही गर्ने १ जना शिक्षक रहेको पाइयो । विद्यार्थीको भनाइ अनुसार शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै गरेको पाइयो । कक्षा अवलोकन गर्दा शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै गरेको पाइयो र सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकको भनाइ अनुसार शिक्षण सामग्रीको प्रयोग सधै गर्ने २ जना शिक्षकहरू र कहिलेकाही गर्ने २ जना शिक्षकहरू रहेको पाइयो । विद्यार्थीको भनाइ अनुसार शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै गर्ने गरेको पाइयो । त्यसैगरी कक्षा अवलोकन गर्दा पनि शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै गर्ने गरेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये शिक्षकका भनाई अनुसार शिक्षण सामग्रीको प्रयोग सधै गर्ने ६ जना शिक्षकहरू र कहिलेकाही गर्ने ६ जना शिक्षकहरू रहेको भने तापनि विद्यार्थीको भनाइ अनुसार र कक्षा अवलोकन गर्दा शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही १२ जना शिक्षकहरूले नै गर्ने गरेको देखियो ।

### ४.४.६ शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थी मूल्याङ्कन

यस अध्ययन उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूले कक्षा शिक्षणको क्रममा विद्यार्थीको सिकाइ उपलब्धि के-कस्तो भयो ? भन्ने वारेमा जानकारी लिनका लागि विद्यार्थी मूल्याङ्कन गर्ने गरीन्छ । यस अध्ययनका क्रममा शिक्षकले विद्यार्थी मूल्याङ्कन कुन तरिका अपनाई राखेका छन् ? भन्ने वारेमा शिक्षकको अन्तर्वार्ता विद्यार्थीको लक्षित समूह छलफल र कक्षा अवलोकनबाट प्राप्त सूचनालाई तलको तालिका नं. ४.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१६ : शिक्षकले कक्षा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरू**

| क्र.सं. | शिक्षक विधिहरू | प्रयोग गर्ने शिक्षक संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शिक्षकको भनाइ अनुसार | | | विद्यार्थीको भनाइ अनुसार | | | कक्षा अवलोकन गर्दा | | |
| | | ग. | वि. | सा. | ग. | वि. | सा. | ग. | वि. | सा. |
| १ | व्त प्रश्न सो यक्तिगधेर | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | कक्षा कार्य गर्न लगाएर | ४ | – | २ | ४ | – | – | ४ | – | – |
| ३ | सामुहिक प्रश्न सोधेर | – | २ | २ | – | – | १ | – | – | १ |
| ४ | प्रयोगात्मक कार्य गर्न लगाएर | – | १ | – | – | १ | – | – | – | – |
| ५ | कक्षामा प्रस्तुतीकरण गर्न लगाएर | – | १ | – | – | – | – | – | – | – |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७।

संकेत : ग. - गणित, वि. - विज्ञान, सा. - सामाजिक अध्ययन

माथिको तालिका नं. ४.१६ मा छनोटमा परेका शिक्षकहरूले शिक्षण क्रियाकलापको क्रममा विद्यार्थी मूल्याङ्कन गर्ने तरिकालाई विश्लेषण गरेर हेर्दा गणित विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकको भनाइ अनुसार, विद्यार्थीको भनाइ अनुसार र कक्षा अवलोकन गर्दा व्यक्तिगत प्रश्न सोधेर र कक्षा कार्य गर्न लगाएर ४ जना शिक्षकहरूले नै विद्यार्थी मूल्याङ्कन गर्ने गरेको  पाइयो । यसैगरी विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकको भनाइ अनुसार  व्यक्तिगत प्रश्न सोधेर ४ जना शिक्षकहरूले, सामुहिक प्रश्न सोधेर २ जना शिक्षकहरू, प्रयोगात्मक कार्य गर्न लगाएर १ जना शिक्षकले र कक्षामा प्रस्तुतीकरण गर्न लगाएर १ जना शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । विद्यार्थीको भनाइ अनुसार व्यक्तिगत प्रश्न सोधेर ४ जना शिक्षकहरूले र प्रयोगात्मक कार्य गर्न लगाएर १ जना शिक्षकले विद्यार्थी मूल्याङ्कन गरेको पाइयो । सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकको भनाइ अनुसार व्यक्तिगत रूपमा प्रश्न सोधेर ४ जना शिक्षकहरूले, कक्षा कार्य गर्न लगाएर २ जना शिक्षकहरूले र सामुहिक प्रश्न सोधेर २ जना शिक्षकहरूले विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाईयो । विद्यार्थीको भनाई अनुसार व्यक्तिगत प्रश्न सोधेर ४ जना शिक्षकहरूले र

सामुहिक प्रश्न सोधेर १ जना शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । त्यसैगरी कक्षा अवलोकन गर्दा व्यक्तिगत प्रश्न सोधेर ४ जना शिक्षकहरूले र सामुहिक प्रश्न सोधेर १ जना शिक्षकले विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो ।

यस अध्ययनका लागि छनोटमा परेका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूले कक्षा शिक्षणका क्रममा विद्यार्थी मूल्याङ्कन गर्ने तरिका सम्बन्धी उदाहरण प्रस्तुत गर्दा एक जना गणित विषयका शिक्षकले "प्रिज्मको सतहको क्षेत्रफल तथा आयतन" पाठलाई शिक्षण गर्ने क्रममा विद्यार्थीको मूल्याङ्कन गर्दा प्रिज्म भनेको के हो ?, प्रिज्मको सतहको क्षेत्रफल निकाल्ने सुत्र भन्नुहोस् ? जस्ता प्रश्न सोधेको पाइयो । यसै गरी विज्ञान विषयका एक जना शिक्षकले "ब्रह्माण्ड र सौर्य परिवार" पाठ शिक्षण गर्दा ब्रह्माण्ड भनेको के हो ? सौर्य परिवार भित्र के-के पर्दछन् ? भन्ने जस्ता प्रश्नहरू सोधेर विद्यार्थीको मूल्याङ्कन गरेको पाइयो । र सामाजिक अध्ययन विषयका एक जना शिक्षकले "उद्योग विकासका समस्या र समाधान" पाठ शिक्षण गर्दा उद्योग भनेको के हो ? उद्योग विकासका मुख्य समस्या के के छन् ? भन्ने जस्ता प्रश्नहरू सोधेर विद्यार्थी मूल्याङ्कन गरेको पाइयो ।

माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, कि छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूले विद्यार्थीहरूको शिक्षण सिकाइ क्रियाकलापको क्रममा विद्यार्थीको मूल्याङ्कन गर्दा सबै विषयका शिक्षकहरूले व्यक्तिगत रूपमा प्रश्न सोधेर विद्यार्थी मूल्याङ्कन गरेको देखियो । यसैगरी गणित विषयका शिक्षकहरूले कक्षा कार्य गर्न लगाएर पनि विद्यार्थीहरूको मूल्याङ्कन गरेको देखियो । तर प्रयोगात्मक रुपमा मूल्याङ्क गरेको देखिएन ।

### ४.४.७ शिक्षकले कक्षा शिक्षणका अन्त्यमा गृहकार्य

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका विषय शिक्षकहरूले कक्षा शिक्षणको अन्त्यमा गृहकार्य नियमित दिने गरेका छन् ? वा नदिने गरेका छन् ? भन्ने वारेमा शिक्षकसँग अन्तर्वार्ता, विद्यार्थीहरूको लक्षित समूह छलफल र कक्षा अवलोकन गरी संकलन गरिएका सूचनाहरूलाई तलको तालिका नं. ४.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१७ : कक्षा शिक्षणको अन्त्यमा गृहकार्य**

| क्र.सं. | विषय | जम्मा शिक्षक संख्या | प्रयोग गर्ने शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | शिक्षकको भनाइ अनुसार | | विद्यार्थीको भनाइ अनुसार | | कक्षा अवलोकन गर्दा | |
| | | | सधै | कहिलेकाही | सधै | कहिलेकाही | सधै | कहिलेकाही |
| १ | गणित | ४ | ४ | – | ४ | – | ४ | – |
| २ | विज्ञान | ४ | ४ | – | ४ | – | ४ | – |
| ३ | सामाजिक अध्ययन | ४ | ४ | – | ४ | – | ४ | – |
| | जम्मा | १२ | १२ | – | १२ | – | १२ | – |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका नं. ४.१७ मा छनोटमा परेका शिक्षकहरूले कक्षा शिक्षणको अन्त्यमा गृहकाय दिने/नदिने सन्दर्भमा विश्लेषण गर्दा शिक्षकको भनाइ अनुसार गणित र सामाजिक अध्ययन विषयका जम्मा १२ जना विषय शिक्षकहरू मध्ये १२ जना शिक्षकहरूले नै गृहकार्य सधै दिने गरेको पाइयो । विद्यार्थीको भनाइ अनुसार पनि उल्लेखित सबै शिक्षकहरूले कक्षा शिक्षणको अन्त्यमा गृहकार्य दिने गरेको पाइयो । त्यसैगरी कक्षा अवलोकन गर्दा पनि छनोटमा परेका १२ जना शिक्षकहरूले नै कक्षा शिक्षणको अन्त्यमा गृहकार्य दिने गरेको पाइयो । छनोटमा परेका शिक्षकहरूले सधै विद्यार्थीलाई गृहकार्य दिने गरेको पाइयो । शिक्षक तथा विद्यार्थीको भनाइ अनुसार र कक्षा अवलोकन गर्दा गणित विषयका ४ जना शिक्षकहरूले गृहकार्यको परीक्षण सधै गर्ने गरेको पाइयो । विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूले गृहकार्यको परीक्षण सधै गर्ने र २ जना शिक्षकहरूले गृहकार्यको परीक्षण छड्के रूपमा गर्ने गरेको पाइयो ।

र सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये ४ जना शिक्षकहरूले नै नमुनाको रूपमा छड्के परीक्षण गरेको पाइयो । यसरी नियमित गृहकार्य दिइ परीक्षण गर्नाले विद्यार्थीको शिक्षण सिकाइमा दिगोपन ल्याउन सहयोग भइराखेको शिक्षकहरूले बताएको पाइयो ।

यसरी माथिको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त हुन्छ, की शिक्षकहरूले सधै गृहकार्य दिने गर्नाले विद्यार्थीहरूलाई शिक्षण गरेका पाठप्रति चासो र उत्प्रेरणा वढाई शिक्षण सिकाइ दिगो बनाउनका लागि सहयोग गरेको पाइयो ।

### ४.५ शिक्षकको शिक्षण प्रतिको धारणाले शिक्षण अभ्यासमा पारेको प्रभाव

यस उप-शीर्षकमा छनोटमा परेका मा. वि. तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शिक्षण प्रतिको धारणाले शिक्षण अभ्यासमा पारेको प्रभावका बारेमा ४.३ र ४.४ मा सूचनाहरूको विश्लेषण र व्याख्याका आधारमा पाप्त निष्कर्षहरूको समिक्षा गर्दा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये ११ जना शिक्षकहरूको शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो । तर शिक्षणप्रति नकारात्मक धारणा भने कुनै पनि शिक्षकहरूमा नरहेको पाइयो । शिक्षकहरूको लिकर्ट विधिको प्रयोग गरी प्राप्त गरेको शिक्षण प्रतिको धारणा र कक्षा अवलोकन गरी प्राप्त शिक्षकको विषयगत अभ्यास सम्वन्धिका सूचनाहरुलाई विश्लेषण गर्दा शिक्षकहरूको शिक्षणप्रतिको धारणाले शिक्षण अभ्यासमा प्रभाव पारेको दखियो । शिक्षणप्रति सकारात्मक धारणा भएका ११ जना शिक्षकहरूले विषयगत शिक्षण अभ्यासको क्रममा शिक्षण पेशाप्रति रुचि राखि विषयवस्तको तयारी, कक्षाकोठाको व्यवस्थापन, शिक्षण विधि, शिक्षण सामग्रीको निर्माण र प्रयोग, विद्यार्थीहरूको मूल्याङ्कन, गृहकार्य दिने र परीक्षण गर्ने कार्यमा ध्यान दिएर जिम्मेवारी पूर्वक शिक्षण अभ्यास क्रियाकलाप उपयुक्त तरिका अपनाई सम्पन्न गर्ने कोसिस गरेको पाइयो । तर शिक्षणप्रति तटस्थ धारणा भएका १ जना शिक्षकले शिक्षण अभ्यास गर्दा विषयवस्तुको तयारी, कक्षाकोठाको व्यवस्थापन, शिक्षण विधिको छनोट, शिक्षण सामग्रीको उपयुक्त निर्माण र प्रयोग, विद्यार्थीहरूको मूल्याङ्कन, गृहकार्य दिने र परीक्षण गर्ने कार्यमा सक्रियता पूर्वक ध्यान नदिइएको पाइयो । यस्ता शिक्षकहरूको शिक्षणप्रति सकारात्मक धारणा भएका शिक्षकहरू भन्दा शिक्षण अभ्यास क्रियाकलापमा न्यून चासो रहेको देखियो ।

यसरी माथिको विश्लेषणात्मक समिक्षाका आधारमा यो भन्न सकिन्छ, की शिक्षणप्रति सकारात्मक धारणा भएका शिक्षकहरूको शिक्षणप्रति रुचि र शिक्षण अभ्यास क्रियाकलापमा सक्रियता रहेको दखियो, भने शिक्षणप्रति तटस्थ धारणा रहेका शिक्षकहरूको शिक्षणप्रति रुचि र शिक्षण अभ्यास क्रियाकलाप निष्क्रिय किसिमको रहेको देखिन्छ ।

# सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद (सन् २०११), *शिक्षा सेवा प्राविधिक सहायक,* काठमाडौं : आशिष बुक्स हाउस ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौं : सनलाइट पब्लिकेशन ।

खनाल, श्रीप्रसाद र अन्य (२०६५), *मनोवैज्ञानिक परीक्षण,* कीर्तिपुर, काठमाडौं : जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, डिल्लीराम (२०६७), *माध्यमिक तहका शिक्षकहरूको कक्षा शिक्षण अवस्था,* शोधपत्र त्रि.वि., कीर्तिपुर ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृका प्रसाद (२०६५), *शिक्षाका आधारहरू,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पण्डित, चिदानन्द (२०५६), *विज्ञान शिक्षण विधि,* बानेश्वर, काठमाडौं : विदुर प्रकाशन ।

पौडेल, आनन्द र अधिकारी, विष्णुप्रसाद (सन् २०११), शिक्षाशास्त्र र नेपालका शिक्षा, काठमाडौंः आशिष बुक्स हाउस ।

शर्मा, गोपीनाथ (२०४३), *नेपालमा शैक्षिक इतिहास,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५८), *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

शर्मा, कुवेरनाथ (२०६१), *शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४), *सामाजिक अध्ययन शिक्षण,* भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *शिक्षा पत्रिका,* सानो ठिमी, भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४), *शिक्षक शिक्षा, सानो ठिमी,* भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय ।

शिक्षा विभाग (२०५९/६०), *शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन ।*

Agrawal, Bikas (1997), *Essentials of Educational Technology: Teaching, Learning, Innovation in Education*, New Delhi: Vikash Publishing House Pvt. Ltd. 576 Masjd Road, Jangpure.

Bista, Min Bahadur (2002), *Making in Service of Teachers Effective Through Follow Up and Support: An Evaluation Study of the Teacher Support Program of SEDP Education*, Bhaktapur: Curriculum and Development Center, Sanothimi, p. 113-127.

CERID (2003), *Effective Classroom Teaching/learning (Phase 11) Transfer of Training Skills in the Classroom Delivery,* Tribhuvan University.

CERID (2004), *Effecive Classroom Teaching/Learning (Phase III).* Kathmandu: Tribhuvan University.

Karmacharya, Dibya Man (1975), *The Present Status of Primary Teachers and Their School*. Education Quarterly, p. 61-65.

Phuyal, Narendra Prasad (1999), *Education and Development*, Kathmandu: Research Center for Education Innovation and Development (CERID), Balkhu, p. 56-63.

Shrestha, Dr. Kedar N. (1982), *The Teaching Behaviour of Trained Teacher of Nepal*. Sanothimi Bhaktapur: Tribhuvan University.

**अनुसूची-१**

**नमुना छनोटमा परेका विद्यालयका विषयगत शिक्षकहरू**

| **क्र.सं.** | **विद्यालयको नाम** | **शिक्षकको नाम** | ***विषय*** |
|---|---|---|---|
| १ | आदर्श उ.मा.वि. देउराली, पाल्पा | १. श्री शम्भु प्र. अधिकारी | गणित |
| | | २. श्री नारायण ढकाल | विज्ञान |
| | | ३. श्री मोतिराम अधिकारी | सामाजिक अध्ययन |
| २. | भवानी उ.मा.वि. कुसुमखोला, पाल्पा | १. श्री रुद्र आचार्य | गणित |
| | | २. श्री विष्णु प्रसाद ज्ञवाली | विज्ञान |
| | | ३. श्री संजय आचार्य | सामाजिक अध्ययन |
| ३. | सरस्वती उ.मा.वि., खस्यौली पाल्पा | १. श्री ओमकान्त ज्ञवाली | गणित |
| | | २. श्री किसोर अर्याल | विज्ञान |
| | | ३. श्री रुपा रायमाझी | सामाजिक अध्ययन |
| ४. | भैरव जनता उ.मा.वि., भैरवस्थान, पाल्पा | १. श्री चिरन्जीवी ज्ञवाली | गणित |
| | | २. श्री मधु पराजुली | विज्ञान |
| | | ३. श्री सुरेश प्रसाद गौतम | सामाजिक अध्ययन |

**अनुसूची-२**

**लक्षित समूह छलफलका लागि छनोटमा परेका विद्यालयका कक्षा ९ का विद्यार्थीहरू**

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थीहरूको नाम |
|---|---|---|
| १ | आदर्श उ.मा.वि. देउराली, पाल्पा | १. अमृता राजकोटी |
| | | २. कल्पना सारु |
| | | ३. सरिता सारु |
| | | ४. वालकृष्ण सुनवार |
| | | ५. रविन वरौदे |
| | | ६. मनोज सारु |
| | | ७. सुजता अधिकारी |
| | | ८. सुजता खनाल |
| २. | भवानी उ.मा.वि. कुसुमखोला, पाल्पा | १. अशोक कुमार सुनारी |
| | | २. अनिता थापा |
| | | ३ रक्षा खनाल |
| | | ४. सविना कार्की |
| | | ५. आरती आचार्य |
| | | ६. मनिसा खनाल |
| | | ७. रेशम वमरेल |
| | | ८. शिव सारु |
| ३. | सरस्वती उ.मा.वि., खस्यौली, पाल्पा | १. सविता खड्का |
| | | २. रविना गोदार |
| | | ३. सागर रुचाल |
| | | ४. रमेश ज्ञवाली |
| | | ५. चन्द्र वि.क. |
| | | ६. सुजन दर्नाल |
| | | ७. सुरक्षा ज्ञवाली |
| | | ८. रस्मिता आचार्य |
| ४ | भैरव जनता उ.मा.वि., भैरवस्थान, पाल्पा | १. सरस्वती गहतराज |
| | | २. उमा पोखरेल |
| | | ३. सृजना नेपाल |
| | | ४. केशव भुसाल |
| | | ५. सुमित खाती |
| | | ६. समिर वस्याल |
| | | ७. सृष्टि निरन्जन |
| | | ८. भुवन रोका |

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको शोधकार्यका लागि "माध्यमिक विद्यालय तहका शिक्षकहरूको शिक्षण प्रतिको धारणा" शीर्षकमा आवश्यक सूचनाहरू संकलन गर्न यो कार्य गरिएको हो । तल दिइएका प्रश्न तथा वाक्यहरूमा आफूलाई उचित लाग्ने विकल्पमा ( ) चिन्ह र खाली ठाउँमा आवश्यक सूचना, शब्दहरू, वाक्य एवम् भनाइहरू लेखि दिई सहयोग गरिदिन हुन अनुरोध गर्दछु ।

**अनुसूची-३**

**शिक्षकको व्यक्तिगत विवरण**

**विद्यालयको नाम :**

| **क्र.सं.** | **शिक्षकको नाम** | **अध्यापन गर्ने विषय** | **तह** | **योग्यता** | **तालिम** | **कार्यानुभव** | **उमेर** | **लिङ्ग** | **जात** | **धर्म** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

अनुसूची-४

**शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी तयार गरिएका वाक्याशंहरू**

| क्र.सं | वाक्यांश | प्रतिक्रियाहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | पूर्ण सहमत | सहमत | अनिश्चित | असहमत | पूर्ण असहमत |
| १ | शिक्षण पेशा मर्यादित पेशा हो । | | | | | |
| २ | शिक्षण पेशा छनोट गरेकोमा पश्चाताप छ । | | | | | |
| ३ | शिक्षण पेशा छनोट गर्नु वाध्यता हो । | | | | | |
| ४ | शिक्षण पेशामा जीवनभरी रहिराखु जस्तो लाग्दछ । | | | | | |
| ५ | शिक्षण गर्नु सबैभन्दा रुचीकर विषय हो । | | | | | |
| ६ | यो विषय दैनिक जीवनका लागि अत्यन्तै उपयोगी छ । | | | | | |
| ७ | यो विषय पढाउँदा समय वितेको पत्तै हुँदैन । | | | | | |
| ८ | यो विषय जहिले पनि अझ पढाउँ पढाउँ जस्तो लाग्दछ । | | | | | |
| ९ | यो विषय शिक्षण गर्दा दिक्क लाग्दछ । | | | | | |
| १० | यो विषयको शिक्षणका लागि समय अपुग छ । | | | | | |
| ११. | यो विषय पढाउँदा विद्यार्थीहरुले बुझ्दै बुझ्दैनन् । | | | | | |
| १२ | यो विषय शिक्षण गर्न अप्ठ्यारो छ । | | | | | |
| १३ | यो विषय शिक्षण गर्दा सधैं झर्को लागेर आउँदछ । | | | | | |
| १४ | यो विषयका लागि शैक्षिक सामाग्री उपलब्ध गर्न कठिन छ । | | | | | |
| १५ | यो विषय शिक्षण गर्न धेरै सजिलो लाग्दछ । | | | | | |
| १६ | व्यवहारिक जीवनका लागि यो विषय महत्त्वपूर्ण छ । | | | | | |
| १७ | यो विषय सिकारूमा सहि ज्ञान, सीप र धारणा विकास गर्न महत्त्वपूर्ण छ । | | | | | |
| १८ | यो विषयले सिकारुको भविष्यमा हरेक कार्यको लागि सहयोग पुर्‍याउँदछ । | | | | | |
| १९ | यो विषयका विषयवस्तु अव्यवहारिक भएकाले रुची छैन । | | | | | |
| २० | यो विषयले विद्यार्थीमा निराशता पैदा गराउँछ । | | | | | |
| २१ | यो विषयको शिक्षण नगरी अर्को विषय शिक्षण गर्न पाए सन्तुष्ट हुन्थे । | | | | | |

## अनुसूची-५

## शिक्षकको शिक्षणप्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी तयार गरिएको वाक्यांशहरूमा शिक्षकहरूको प्रतिक्रियाका आधारमा प्राप्त अंक

| वाक्यांशको क्र.सं. | वाक्यांशको प्रकृति | छनोटमा परेका विद्यालयका विषय शिक्षकले वाक्यांशहरूमा प्राप्त अंक | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्री आदर्श उ.मा.वि. देउराली | | | श्री भवानी उ.मा.वि. कुसुमखोला | | | श्री सरस्वती उ.मा.वि. खस्यौली | | | श्री भैरव जनता उ.मा.वि. भैरवस्थान | | |
| | | गणित | विज्ञान | सामाजिक अध्ययन | गणित | विज्ञान | सामाजिक अध्ययन | गणित | विज्ञान | सामाजिक अध्ययन | गणित | विज्ञान | सामाजिक अध्ययन |
| १ | सकारातमक | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४ | ४ |
| २ | नकारातमक | ५ | ४ | ५ | ५ | ४ | ५ | ४ | ४ | ४ | ५ | ३ | ४ |
| ३ | नकारातमक | ५ | ५ | ४ | ५ | ४ | ५ | ४ | ३ | ४ | २ | ३ | २ |
| ४ | सकारातमक | ५ | ४ | ५ | ५ | ४ | ४ | ३ | ३ | १ | ३ | १ | ३ |
| ५ | सकारातमक | ५ | २ | ५ | ५ | ४ | ५ | ४ | ४ | २ | ३ | ३ | ४ |
| ६ | सकारातमक | ५ | ५ | ५ | ४ | ४ | ५ | ५ | ४ | ५ | ५ | ४ | ५ |
| ७ | सकारातमक | ५ | ५ | ५ | ४ | ४ | २ | ५ | ३ | ४ | ४ | ५ | ४ |
| ८ | सकारातमक | ५ | ४ | ५ | ४ | ४ | ४ | ५ | २ | ५ | २ | ४ | ४ |
| ९ | नकारातमक | ४ | ५ | ४ | ५ | ४ | ४ | ५ | ४ | ४ | ५ | ५ | ४ |
| १० | नकारातमक | २ | १ | २ | ४ | २ | ४ | २ | २ | २ | १ | २ | ४ |
| ११ | नकारातमक | ४ | ४ | ४ | ४ | ४ | ५ | ३ | ३ | ५ | ५ | ४ | ४ |
| १२ | नकारातमक | ४ | ५ | २ | ४ | २ | २ | २ | २ | ४ | ४ | ४ | ४ |
| १३ | नकारातमक | ४ | ५ | ४ | ४ | ४ | ५ | ४ | ४ | ४ | ५ | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | सकारातमक | १ | ४ | ४ | २ | ४ | ४ | २ | २ | ४ | ४ | ४ | ४ |
| १५ | सकारातमक | ४ | २ | २ | ४ | ४ | ३ | ४ | ३ | ४ | २ | ४ | ४ |
| १६ | सकारातमक | ५ | ५ | ५ | ५ | ४ | ५ | ५ | ४ | ५ | ४ | ४ | ४ |
| १७ | सकारातमक | ५ | ४ | ४ | ४ | ४ | ५ | ५ | ४ | ५ | ४ | ४ | ४ |
| १८ | सकारातमक | ५ | ५ | ५ | ४ | ४ | ५ | ४ | ४ | ४ | ४ | ३ | ४ |
| १९ | नकारातमक | ५ | ५ | ४ | ४ | ४ | ५ | ४ | ३ | ४ | ५ | ४ | ४ |
| २० | नकारातमक | ४ | ५ | ५ | ४ | ४ | ५ | ४ | ३ | ४ | ५ | ४ | ४ |
| २१ | नकारातमक | ५ | ४ | ४ | ४ | ४ | ५ | ४ | ३ | ४ | ५ | ४ | ४ |
| जम्मा प्राप्त अंक | | ९१ | ८८ | ८८ | ८९ | ८१ | ९२ | ८३ | ६९ | ८३ | ८२ | ७७ | ८० |
| जम्मा प्राप्त अंकलाई २१ ले भाग गर्दा आएको भागफल | | ४.३३ | ४.१९ | ४.१९ | ४.२३ | ३.८५ | ४.३८ | ३.९५ | ३.२८ | ३.९५ | ३.९० | ३.६६ | ३.८१ |

**अनुसूची-६**

**शिक्षकको विषयप्रतिको अभ्यास सम्बन्धी अन्तर्वार्ताका लागि प्रश्नावली**

**शिक्षकको नाम :** **मिती :**

**विद्यालयको नाम :** **घण्टी :**

**अध्यापन गर्ने विषय :**

१. तपाई शिक्षण गर्दा सधैं पाठयोजना तयार गर्नु हुन्छ ?

.............................................................................................

१.१ यदि गर्नुहुन्छ, भने कसरी गर्नु हुन्छ ?

.............................................................................................

.............................................................................................

१.२ यदि गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

.............................................................................................

.............................................................................................

२. तपाई शिक्षण गर्नु पूर्व पाठको विषयवस्तुसँग सम्बन्धित के कस्ता सन्दर्भ सामग्रीको अध्ययन गर्नु हुन्छ ?

.............................................................................................

.............................................................................................

३. तपाई शिक्षक निर्देशिकाको प्रयोग निरन्तर गर्नु हुन्छ ?

.............................................................................................

३.१ यदि गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

.............................................................................................

.............................................................................................

४. तपाई पाठको विषयवस्तु अनुसार सधैं कक्षाकोठाको उपयुक्त व्यवस्थापन गर्नुहुन्छ ?

.............................................................................................

४.१ यदि गर्नुहुन्छ, भने कसरी गर्नु हुन्छ ?

.............................................................................................

.............................................................................................

४.२ यदि गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

.............................................................................................

.............................................................................................

५. तपाई कक्षा शिक्षणको सुरुमा विद्यार्थीलाई पूर्वपाठका स्मरण गराउनु हुन्छ ?

.............................................................................................

५.१ यदि गराउनु हुन्छ, भने कसरी गराउनु हुन्छ ?

.............................................................................................

..........................................................................................

५.२ यदि गराउनु हुन्न, भने किन गराउनु हुन्न ?

..........................................................................................

..........................................................................................

६. तपाई पाठको विषयवस्तु अनुसार शिक्षण विधिको सधै प्रयोग गर्नुहुन्छ ?

..........................................................................................

६.१ यदि गर्नुहुन्छ, भने कस्ता विधिहरुको बढी प्रयोग गर्नुहुन्छ ?

..........................................................................................

..........................................................................................

६.२ यदि गर्नु हुन्न, भने के कारणले गर्नु हुन्न ?

..........................................................................................

..........................................................................................

७. तपाई पाठको विषयवस्तु अनुसार सधै शिक्षण सामग्रीहरुको प्रयोग गर्नुहुन्छ ?

..........................................................................................

७.१ यदि गर्नु हुन्छ, भने कस्ता शिक्षण सामग्रीहरुको बढी प्रयोग गर्नु हुन्छ ?

..........................................................................................

..........................................................................................

७.२ यदि गर्नु हुन्न, भने के कारणले गर्नु हुन्न ?

..........................................................................................

..........................................................................................

८. तपाई शिक्षण गर्दा विद्यार्थीको रुचि र स्तर अनुसार गर्नु हुन्छ ?

..........................................................................................

८.१ यदि गर्नु हुन्छ, भने विषयवस्तुको प्रस्तुतीकरण कसरी गर्नु हुन्छ ?

..........................................................................................

..........................................................................................

८.२ यदि गर्नुहुन्छ, भने शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रिय सहभागिता के, कसरी गराउनु हुन्छ ?

……………………………………………………………………………………

……………………………………………………………………………………

९. तपाई कक्षा शिक्षणको क्रममा सधै विद्यार्थी मूल्याङ्कन गर्नु हुन्छ ?

……………………………………………………………………………………

९.१ यदि गर्नुहुन्छ भने कसरी गर्नु हुन्छ ?

……………………………………………………………………………………

……………………………………………………………………………………

९.२ यदि गर्नु हुन्न, भने किन गर्नु गर्नु हुन्न ?

……………………………………………………………………………………

……………………………………………………………………………………

१०. तपाई कक्षा शिक्षणको अन्तमा सधैं गृहकार्य दिने गर्नु हुन्छ ?

……………………………………………………………………………………

१०.१ यदि गृहकार्य दिनुहुन्छ, भने विद्यार्थीको सिकाइमा के-कस्तो प्रभाव पारेको जस्तो लाग्दछ ?

……………………………………………………………………………………

……………………………………………………………………………………

१०.२ यदि गृहकार्य दिनु हुन्न, भने के कारणले दिनु हुन्न ?

……………………………………………………………………………………

……………………………………………………………………………………

११. तपाई विद्यार्थीलाई दिएको गृहकार्यलाई सधैं परीक्षण गर्नुहुन्छ ?

……………………………………………………………………………………

११.१ यदि परीक्षण गर्नुहुन्छ, भने यसले विद्यार्थीको सिकइमा के कस्तो मद्दत गरेको छ ?

……………………………………………………………………………………

……………………………………………………………………………………

११.२ यदि परीक्षण गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

……………………………………………………………………………………

……………………………………………………………………………………

अनुसूची-७

शिक्षकको कक्षा अवलोकन निर्देशिका

| | |
|---|---|
| विद्यालयको नाम : | मिति : |
| शिक्षकको नाम : | विद्यार्थीको संख्या : |
| विषय : | पाठको सुरु : |
| कक्षा : | पाठको अन्त्य : |
| एकाइ : | |
| शिर्षक : | |

| क्र.सं. | कक्षा अवलोकनका क्षेत्रहरू | अवस्था |
| --- | --- | --- |
| १ | **विषयवस्तुको तयारी**<br>- विषयवस्तुको ज्ञान<br>- शिक्षक निर्देशिकाको प्रयोग<br>- पाठयोजना तयारी<br>- शिक्षण गर्ने विषयवस्तुको संगठन | |
| २ | **कक्षाकोठाको व्यवस्थापन**<br>- कक्षामा बस्ने व्यवस्था<br>- कक्षाकोठाको वातावरण<br>- पाठको विषयवस्तु अनुसार कक्षा व्यवस्थापन | |
| ३ | **पाठको सुरुवात**<br>- पाठ्यक्रममा आधारित उद्देश्य<br>- कक्षाको सुरुवात<br>- उत्प्रेरणाको सिर्जना<br>- पूर्वपाठ र नयाँ पाठको सम्बन्ध जोडेको<br>- प्रस्तुतीकरण | |
| ४ | **शिक्षण सिकाई क्रियाकलाप**<br>- शिक्षण विधिको उपयुक्तता<br>- शिक्षण विधि अनुसार शिक्षण सामाग्री<br>- स्थानीय सामाग्रीको निर्माण र प्रयोग<br>- विषयवस्तुको निर्माण र प्रयोग<br>- विषयवस्तुको क्रमवद्ध प्रस्तुती<br>- पाठ्यक्रमसँग मिल्दो जुल्दो विषयवस्तु<br>- उदाहरणको उपयुक्तता<br>- विद्यार्थीको स्तर र रूचि अनुसार शिक्षण क्रियाकलाप<br>- विद्याथीलाई सक्रिय सहभागि गर्ने सीप | |
| ५ | **मूल्याङ्कन**<br>- कक्षा मूल्याङ्कन गर्ने सीप<br>- प्रश्न सोध्ने सीप<br>- विद्यार्थीको निरन्तर मूल्याङ्न<br>- विद्यार्थीलाई पृष्ठपोषण<br>- उद्देश्य प्राप्ति | |
| ६ | **गृहकार्य**<br>- गृहकार्यको नियमितता<br>- गृहकार्यको नियमित परीक्षण | |

## अनुसूची–८

## विद्यार्थीहरूको लक्षित समूह छलफलका लागि निर्देशिका

**विद्यार्थीको शिक्षण अभ्यास र शिक्षकप्रति धारणा**

- विषयवस्तुको तयारी
- कक्षाकोठाको व्यवस्थापन
- पाठको सुरुवात
- शिक्षण विधिको प्रयोग
- मूल्याङ्कनको अवस्था
- गृहकार्यको अवस्था
- शिक्षकप्रति धारणा